वर्ष : २०, अंक : ४१, काठमाडौं, २०८१ चैत १५ गते शुक्रबार, 28 March, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित —— www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## उपेन्द्रको अडान : भूमिसम्बन्धी अध्यादेश फिर्ता लिन सरकार बाध्य

काठमाडौं । दुई तिहाई बहुमतको दम्भमा दुई ठूला दल कांग्रेस-एमालेले मनोमानी ढंगले अध्यादेशमार्फत ६ वटा अध्यादेश ल्याए । सरकारमा रहेका र समर्थन गरेका अन्य दलहरु जसपा, जसपा नेपाल, लोसपा, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी लगायतकासँग सामान्य छलफलसमेत गरेनन् कांग्रेस र एमालेले । दुई तिहाईको घमण्डमा चूर रहेको कांग्रेस-एमालेले ढुक्कसँग सबै अध्यादेश संसदबाट पारित हुने ओभर कन्फिडेन्समा थिए । ६ अध्यादेशमध्ये भूमिसम्बन्धी अध्यादेश देश र जनताको हितमा नरहेको भन्दै उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले अडान लियो । संसदका अन्य मधेशी दलहरुले मुख खोलेका थिएनन् । राष्ट्रियसभा जब कांग्रेस-एमालेको बहुमत पुगेन तब उपेन्द्र यादवलाई फकाउन थालियो ।

सरकारले ल्याएको भूमि सम्बन्धी अध्यादेश अन्ततः निष्क्रिय हुने भएको छ । बुधबार बसेको सत्ता साझेदार दलहरूको बैठकले भूमि सम्बन्धी अध्यादेश निष्कृय भएर जान दिने निष्कर्ष निकालेको हो ।

संविधानको धारा ११४ (ग) अनुसार संसद् चलेको ६० दिनभित्र अध्यादेश पारित नभएर स्वतः निष्क्रिय हुन्छ । गत १८ माघबाट सुरु संसदको हिउँदे अधिवेशन ६० दिन पुग्दैछ । यही संवैधानिक व्यवस्थाका कारण प्रधानमन्त्री केपी शर्मा ओली सहित सत्तारुढ नेताहरूले जनता समाजवादी पार्टी (जसपा), नेपालका नेताहरूसँग सम्वाद थप बाक्लो बनाएका थिए ।

मंगलबार सत्ता साझेदार दलहरूको बैठक आह्वान गरिएको थियो । तर भूमि सम्बन्धी अध्यादेशमा बिमति जनाउँदै आएका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव उक्त बैठकमै अनुपस्थित भए । भूमि सम्बन्धी अध्यादेश पारित गराउन प्रधानमन्त्री ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको तीन महिना लामो प्रयत्न सफल हुन सकेन । एक नेताका अनुसार अब भूमि सम्बन्धी अध्यादेशलाई निष्क्रिय हुन दिएर त्यसका अन्तर्वस्तुलाई विधेयकका रुपमा अगाडि बढाउने सहमति जुटेको छ । १८ फागुनपछि अध्यादेश स्वतः निष्कृय हुँदैछ । त्यसका अन्तर्वस्तुलाई संशोधन विधेयकका रुपमा अगाडि बढाउने र सम्बन्धित मन्त्रालयले वर्कआउट गर्ने निष्कर्षमा पुगेको हो ।



'हामीले देश र जनताको पक्षमा चट्टानी अडान लियौं । कतै पनि टसमस भएनौं' जसपा नेपालका प्रवक्ता भन्छन्, 'अब यो विधेयकका रुपमा आउनेछ । त्यो बेला विचौलिया र भू-माफियाको सल्लाहमा होइन, जनताको सुझाव अनुसार कानुन बन्नेछ ।' दुई तिहाइ संसदीय बहुमत प्राप्त प्रधानमन्त्री ओलीले प्रतिष्ठाकै विषय बनाएको भूमि सम्बन्धी अध्यादेश स्वतः निष्कृय भएर जानुपर्ने परिस्थिति भने जसपा नेपालले लिएको अडानकै कारण सिर्जना भएको हो । प्रधानमन्त्री ओलीले साना सत्ता साझेदारहरूलाई बेवास्ता गर्दै गत २६ पुसमा भूमि सम्बन्धी सहित ६ वटा अध्यादेश राष्ट्रपति कार्यालयलाई सिफारिस गरेका थिए ।

त्यसबेला कांग्रेस र एमाले नेतृत्व सहमत भएपछि सरकारका कुनै पनि काम रोकिन्न भन्ने बुझाइका साथमा अध्यादेशहरू आएका थिए । तर देउवाको सहमतिमा ओलीले ल्याएको अध्यादेशलाई राष्ट्रपति रामचन्द्र पौडेलले पहिलोपटक रोकिदिए । रोकिएको भूमि अध्यादेश २ माघमा राष्ट्रपति पौडेलले जारी गरिरहदा सत्ता-समीकरण अझ मजबुत बनेको दावी गरिएको थियो । अध्ययन प्रयोजनका लागि मात्र भूमि अध्यादेश राष्ट्रपति कार्यालयमा रोकिएको प्रधानमन्त्रीको तर्क थियो ।

*बाँकी अन्तिम पृष्ठमा*

## उपेन्द्र यादव बधाईका पात्र हुनुहुन्छ : जेपी गुप्ता



मधेशका राजनीतिक दलहरूले कुनै राम्रो, समयोचित्त तथा मुलुकको दीर्घकालिन हितका खातिर कुनै अडान लियो भने बाँकी सबै दलहरू प्रतिवादमा ओर्लनु अनि मधेसको बिपक्षमा ध्रुवीकृत हुने संकीर्ण मानसिकता अहिले पनि देखियो ।


मधेशका राजनीतिक दलहरू सयौं पटक धोका पाएपनि, आफुहरूबाट अनगन्ती गलती भएपनि तेसबाट चेत्दैनन्। आफ्ना जनताको सामुहिक हितको निक्योंल गर्न सक्दैनन्। सत्ताको तावेदारी गर्न लागिपर्छन्- यो गलत प्रवृति यस पटक पनि देखियो नै ।

भुमि सम्बन्धि अध्यादेश मुलुकको हितमा थिएन । सत्ता गठबन्धनले यसलाई पारित गराउन हठ गर्यो । जसपाको अपवाद बाहेक सबै दलहरू सत्ता गठबन्धनको फरिया समात्न पुग्यो ।

एक्लो उपेन्द्र यादवले अडान लिनु भयो । यो मुलुकको हितमा छैन भन्नु भयो । सरकार बाध्य भै संसदमा बिधेयक प्रस्तुत गरेन। समाचार अनुसार अहिले सरकारले बिधेयक फिर्ता लिने भयो। यो राम्रो निर्णय हो ।

यसका लागि श्री उपेन्द्र यादव बधाईका पात्र हुनुहुन्छ। यस सन्दर्भमा निःसन्देह धन्यवादका लागि उपयुक्त नेता !

## जयकृष्ण गोइतले परिवर्तन गरे संगठनको नाम



काठमाडौं । स्वतन्त्र तराई राष्ट्र राज्यका लागि सशस्त्र भूमिगत विद्रोह गर्दै आएका जयकृष्ण गोइतले आफ्नो जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी)को नाम परिवर्तन गरेका छन् ।

मोर्चाका केन्द्रीय अध्यक्ष गोइतले शनिबार एक विज्ञप्ति जारी गरी संगठनको नाम परिवर्तन गरी 'फ्रि लैण्ड लिवरेशन फ्रन्ट' नामाकरण गरेका हुन् ।

करिब दुई दशकदेखि गोइतले स्वतन्त्र तराई राष्ट्रका लागि भूमिगत भई सशस्त्र संघर्ष गर्दै आएका छन् । तराई-मधेशका दर्जनौं सशस्त्र भूमिगत संगठनहरु नेपाल सरकारसँग वार्ता गरी सम्झौता गरिसकेका छन् । तर, गोइत नेतृत्वको भूमिगत संगठनले सरकारसँग वार्तामा आइरहेको छैन ।

## पत्रकार यादवमाथि भ्रष्टाचार मुद्दा



काठमाडौं । जनकपुरका पत्रकार वृजकुमार यादव लगायत तीन जना विरुद्ध विशेष अदालतमा बोलपत्रको सूचना लुकाई भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यादवमाथि बोलपत्रको सूचना लुकाएर भ्रष्टाचारमा सघाएको आरोप लगाएको हो ।

धनुषाको बटेश्वर गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत सावन कुमार चौधरी र लेखा अधिकृत सुमन कुमार पुरी विरुद्ध पनि अख्तियारले मुद्दा चलाएको छ । पत्रकार यादवमाथि विज्ञापन नै प्रकाशित नगरी ६ लाख ४४ हजार रुपैंयाको फर्जी बिल तयार पारेको आरोप छ । अख्तियारका अनुसार, धनुषाको बटेश्वर गाँउपालिकाका वडाहरुमा स्वास्थ्य चौकी भवन र डिप बोरिङ निर्माणमा बोलपत्र आह्वान गर्नुपर्ने थियो ।

राष्ट्रिय स्तरको दैनिक पत्रिकामा बोलपत्रको सूचना प्रकाशित गर्नुपर्नेमा जनकपुर टुडेका प्रधानसम्पादक एवं अध्यक्ष यादवले बोलपत्र स्वीकृतीको सूचना लुकाई सूचना प्रकाशित नै गरेनन् । उनले गाँउपालिकाको अभिलेखमा राख्ने गरी एकप्रतिमात्रै पत्रिका प्रकाशित गरेको अख्तियारको आरोप छ । पाँच वर्षअघिको घटनामा प्रधान सम्पादक यादवले विज्ञापन प्रकाशित गरेको भनी ६ लाख ४४ हजार रुपैंयाको बील तयार गरेका थिए । त्यही रकम भुक्तानी गरेको आरोपमा अख्तियारले यादव सहित गाँउपालिकाका दुई कर्मचारीहरुमाथि मुद्दा दायर गरेको हो ।

## चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालको प्रथम राष्ट्रिय सम्मेलन

जनकपुरधाम । चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालको प्रथम राष्ट्रिय सम्मेलन जनकपुरधाममा सम्पन्न भएको छ ।

सम्मेलनलाई उद्घाटन गर्दै मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले चुरे मानव जीवन पद्धति भएकाले यसको संरक्षण र संवर्द्धनमा सबै पक्षको ध्यान जान आवश्यक भएको बताए ।

उनले जल तथा जैविक विविधताको भण्डार रहेकाले यसको संरक्षणका लागि थप सार्थक प्रयास गर्न आवश्यक रहेकोमा जोड दिए ।




सभामुख मण्डलले नेपालको कूल भूभागमध्ये १२.७२ प्रतिशत चुरे भएकाले यसको संरक्षण गरी हराभरा बनाए करोडौं मानिसलाई स्वच्छ जल तथा अक्सिजन दिन सक्ने साथै कृषि उत्पादन वृद्धि गर्न सकिने बताए ।

जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवले चुरे नेपालको जीवन रेखा भएकाले यसको संरक्षणमा नेपाल सरकार गम्भीर बन्न जरुरी रहेको बताए ।

मधेश प्रदेशका निमित्त वन निर्देशक सुजित कुमार झाले चुरेको संरक्षणका लागि चुरे क्षेत्रका स्थानीयबासी गम्भीर बनेर यसको संरक्षणमा अगाडी बढ्न जरुरी रहेको बताए ।

## 'राजनीतिक नेतृतवको अकर्मण्यताका कारण प्रतिक्रियावदीहरु सल्बलाउँदै'

काठमाडौ । पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजबादी पार्टीको पदाधिकारी स्तरीय बैठक सम्पन्न भएको छ ।

पार्टीको केन्द्रीय कार्यालय बिजुलीबजार (बरमहलमा) अध्यक्ष अन्सारीको सभापतित्वमा बसेको बैठकमा मधेश प्रदेशकी सांसद तथा पूर्वसूचना, संचार तथा गृह मन्त्री विमला अन्सारी, महासचिव अनन्त क्रान्ति, उपाध्यक्ष सीमा खान, उपमहासचिव जनक कार्की, सचिव दिनेश पाखिन, वरिष्ठ नेता विजय डंगोल, रेणु डंगोल लगायत उपत्यकामा रहने सबै केन्द्रीयस्तरका नेताहरुको उपस्थिति थियो ।

बैठकको पहिलो प्रस्तावमा स्थानीय जनताको हित विपरीत निर्माण गर्न लागिरहेको केबलकारको विरोधमा सशक्त भएर विरोध गर्ने र रिंकु सदाको बलात्कार र हत्यामा न्यायको विषयमा पार्टी सशक्त भएर लाग्ने निर्णय पारित भएको हो । उक्त बैठकमा पार्टीको सबै नेताहरुले आफ्नो प्रतिवेदन पनि राखेका थिए । प्रतिवेदन राख्ने क्रममा पार्टीको अध्यक्ष अन्सारीले अहिलेको मूख्य राजनीतिक समस्या भनेको दलीय निरंकूशता हो सत्ता चलाइरहेको पार्टीहरुले राष्ट्रिय ढुकुटी रित्याउने मात्र नभएर विदेशी ऋण समेत डोल्याइ देशलाई रित्याइरहेको कुरा प्रष्ट पारे ।

साथै उनले वर्तमान राजनीतिक नेतृत्व राजनीतिक दलहरूको कारण अकर्मण्यताको कारणले देशमा प्रतिक्रियावादी शक्तिहरु सलबलाइरहेको आरोप लगाए ।

'अहिले राजा सक्रिय भएर मुलुकमा फेरि प्रतिगमन ल्याउने तर्फ र राजा आउ देश बचाउ भन्ने नारा लगाउन जनतालाई उक्साइरहेको स्थिति देखा परिरहेको छ,' उनले भने, 'सरकारले



यसलाई अभिलम्ब पूर्व राजालाई पूर्व राजाको हैसियतमा दिएको सबै सुविधा कटौती गरी र कानुनी दायरामा ल्याउन यो बैठक माग गर्दछ ।'

यो समस्याबाट मुक्त हुन अब सम्पूर्ण शोषित, पीडित, उत्पीडित वर्गको राजनीतिक शक्तिहरू एक हुनुपर्ने आवश्यकता भएको जानकारी गराउँदै हाल ८ दलीय मोर्चा बनाई मोर्चाको प्रमुख जिम्मेवारी आफैले सम्भाली रहेको कुरा बताए ।

मधेश प्रदेशकी सांसद विमला अन्सारीले शोषित पीडित उत्पीडित वर्ग र समुदायप्रति देशभरि जनजागरण अभियानको आवश्यकता भएकोले मधेश प्रदेशमा जनजागरण अभियान गरिरहेको र यो अभियान ७७ ओटै जिल्लामा गर्ने कुरा बताइन् ।

पार्टीका महासचिव अनन्त राईले नेपाल संघीय समाजवादी पार्टी देशको राजनीतिक शक्तिको एउटै मात्र विकल्प रहेको कुरा बताए ।

देशमा भएको बेतिथि र जनताको हितका लागि सैद्धान्तिक र वैचारिक रूपमा अघि बढ्ने पार्टी भनेको नेपाल संघीय समाजवादी पार्टी मात्र रहेको कुराउनले प्रष्ट पार्दै यो वर्तमान राजनीतिक अन्योलबाट मुक्त हुन

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय



# जनआक्रोश व्यवस्था कि नेताप्रति ?

राजनीतिक दलले लिएको सिद्धान्तकै आधारमा लोकतन्त्र अगाडी बढ्ने गर्छ । राजनीतिक र सामाजिक सचेतना, जागरण गराउने काम राजनीतिक दलहरुकै हो । राजनीतिक दलले लिने सिद्धान्त र गरेका घोषणाले नै लोकतन्त्रको दिशा तय गर्छ। राजनीतिक दल र तिनका नेता सामाज र जनताको पथप्रदर्शक हो । राजनीतिक दल र तिनका नेताको आचरण, व्यवहार र संस्कारको प्रत्यक्ष प्रभाव जनता र सामाजमा पर्ने गर्छ । भनाई नै छ नि वाणी र पानी तल तल सर्छ । जुन सत्य हो, तर यसको हेक्का ठूला दलका शिर्ष नेताहरु र पूर्वप्रधानमन्त्रीहरुले पनि समेत राखेको पाइएको छैन । एउटा नेताले अर्को नेतालाई वा एउटा दलको नेताले अर्को दललाई गाली गर्ने, बिना कुनै आधार आरोप लगाउने र ब्यङ्गका नाममा सामाजले पचाउनै नसक्ने खालका शब्दाबली नेताहरुले प्रयोग गर्नु राजनीतिक संस्कार हुँदै होइन । यस्ता आरोपप्रत्यारोप बिगत देखि नै दल र तिनका नेताहरुबिच चल्दै आएका छन् । यो कमजोरी सबै जसो दल र तिका प्रायजसो नेताहरुमा रहेको पाइन्छ । आफुले चाहे जस्तै भए सब ठिक नभए त्यही विषयलाई मुद्दा बनाएर जनतालाई भ्रमित पार्ने र सरकारको अंग माथि नै प्रश्न उठाउने काम विगतमा पनि प्रतिपक्षबाट हुने गरेको र अहिले पनि भएको छ । अहिलेसम्म नेपालमा दुई धारका राजनीतिक दलहरु सक्रिय रहेका छन् । एक खालका दलहरु आफुलाई प्रजातान्त्रिक धारमा उभ्याएका छन् भने अर्को खालका दलहरु आफुलाई कम्यूनिष्ट धारमा उभ्याएका छन् । मुख्यरुपमा नेपाली राजनीतिक दलहरु प्रजातान्त्रिक र कम्यूनिष्ट गरी यिनै दुई विचारधारालाई अपनाएका छन् । यी दलहरुमा आएको सैद्धान्तिक बिचलन र चरम सत्तामोह बाहेक अरु केही हुन सक्दैन । नेपाली राजनीतिक दलहरुमा गजबको आप्राकृतिक संस्कार रहेको पाइन्छ । कुनै पनि दल आफूलाई मतदान गर्नु पर्ने कारणहरु देखाएर जनतासँग मत मागेको त्यति सुनिदैन । बरु अर्को दललाई मतदान गर्न नहुने कारणहरु देखाएर मत माग्ने गरेका छन् । यो संस्कार प्रायजसो सबै दलमा रहेको छ । दलका शिर्ष नेताहरुले नै भए नभएका दाबा पेश गर्ने र एकले अर्कोलाई सिद्धयाई दिने अभिब्यक्तिका साथ मत माग्ने गरेका छन् । नेपाली जनताको लामो संघर्ष, बलिदान र त्यागबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रका विरुद्धमा अहिले आवाजहरु बुलन्द हुन थालेका छन् । हुन नेपालमा हरेक एक डेढ दशकमा संविधान परिवर्तन हुँदै आएका छन् । वर्तमान संविधानको पनि झण्डै एक दशक हुन लागेको छ । संविधान निर्माताहरुले विश्वकै उत्कृष्ट संविधान बनाए भनेर दाबी गरे । तर अहिले तथाकतिथ उत्कृष्ट संविधानको अन्त्येष्टि नजिक आउन थालेको आभाष हुन थालेको छ । संसदका सबभन्दा दुई ठूला दलहरुसहित अहिले सत्ता सञ्चालन भइरहेको छ । तर, जनआक्रोश दिनप्रति दिन बढ्दै गइरहेको छ । राजसंस्थाको अन्त्य भइसकेको करिब १७ वर्ष भयो । अहिले फेरि राजसंस्थाको पक्षमा माहोल बन्दै गएको छ । राजसंस्था पक्षधरहरु निकै हौसिएका छन् । के अहिलेको व्यवस्था असफल भएकै हो त ? जनताले पुन: राजसंस्था चाहेका हुन त ? यी प्रश्नहरुको जवाफ खोज्दै जाँदा नेतृत्व गर्ने मुख्य राजनीतिक दलहरु नै बुझिन्छ । जनतालाई व्यवस्थाभन्दा अवस्थामा परिवर्तन चाहिएको छ । गणतान्त्रिक व्यवस्थाको विकल्प अन्य कुनै हुनै सक्दैन । अहिले यो व्यवस्थाप्रति नै अविश्वास फैलिनुमा मुख्यत: ठूला दलहरु नै दोषी छन् ।

# मधेशमा नेतातन्त्र

**पहिला शोषण, विभेद र अन्यायको विरुद्ध संघर्ष गरेका मधेशी आम जनता मधेशी नेताहरुको नेतातन्त्रबाट पनि त्यत्तिकै पीडित हुन पुगे । अब त जहाँ मधेशी नेताहरु पार्टीवादी आफ्न्तवादी र जातिवादी हुन पुगे । आफ्ना पार्टी कार्यकर्ताबाहेक कोही पनि नजर आउन छोड्यो यी मधेशी नेताहरुलाई ।**



पशुपतिनाथ झा मधेशी

हामीलाई स्मरण भएको हिसाबमा विक्रम सम्बत २०४७ सालपछि हामी मधेशको वासी मधेशी हौ भन्ने कुरा बुझ्यौं । तत्पश्चात् गजेन्द्र नारायण सिंहको नेतृत्वमा नेपाल सद्भावना पार्टीको गठनसँगै मधेश र मधेशीको हकहितको नाममा चरणबद्ध रुपमा मधेश आन्दोलनको सुरुवात भयो । विस्तारै मधेशबाट अन्य पार्टीहरुको पनि मधेशी उम्मेद्वारहरु चुनाव जित्दै गयो । राजनीतिक रुपमा पिछडिएको मधेश बल्ल राजनितिक रुपमा चाही बलियो हुन थाल्यो । मधेशमा नेताको अकाल परेकोमा मधेशका आम जनताले नेता पाए । तर ती नेताहरु गतिला भएन । ठग भए आन्दोलन पश्चात मधेशले आफ्नो पहिचानको स्थापना गर्न सफल भयो । त्यो स्थापना त्यति सजिलो चाही आएन । सयौं मधेशी जनताले सहादत दिएकै हुन् । कयौं आमाको कोख उजाड भयो, कयौं बहिनीले आफ्नो भाई गुमाए, कयौंले आफ्नो सिउँदोको सिन्दुर गुमाए । त्यो पहिचान स्थापना



विस्तारै मधेश र मधेशी चर्चामा आउँदै आफ्नो स्थान लिँदै गयो । मधेशका नेताहरु पनि बलिया हुँदै गए । आम जनताले मधेशका नेताहरुसँग राम्रै व्यवहार गरे । हाम्रै नेता भनेर चाहिएको बेला भोट पनि हाले । हालसम्म जिताउँदै आए । कति सांसद भए, कति मन्त्री भए, के-के नै भागबण्डा पाए। तर सबै ठाउँमा मधेश र मधेशी जनतासँग धोका नै भए ।

मधेश चर्चामा आउँदै ठाउँ-ठाउँमा सानो-सानो विरोध हुँदै पछि त ठूल-ठूला आन्दोलनहरु हुँदै गयो । मधेश र मधेशीको नाममा नेपाल सद्भावना पार्टी लगायत ती नेताहरु । सबैले मधेश र मधेशी आम जनताहरुलाई ठग्नसम्म ठगे । आजसम्म पनि मधेशका ती जनताहरु ठगिदै आएका छन् र यस्ता नेताहरु रहून्जेल ठागिदै नै रहने हो ।

उता राजनीतिक रुपमा बढ्न थालेको मधेश माओवादी जनयुद्ध र मधेशमै पलाएको सशस्त्र आन्दोलनको कारण मधेशमा डर त्रास हत्या हिंसाको कारण आर्थिक र सामाजिक रुपमा पछि पर्दे गयो । सयौं मधेशी युवा मारिनुको साथै धेरै जेल र प्रहरी हिरासतमा बस्न बाध्य भए । त्यसपछि २०६२-६३ को त्यति सजिलो कहाँ थियो र !

मधेशको पहिचान त स्थापित भयो तर त्यसपछि मधेशी नेताहरुको नियत बदलियो । मधेशी नेताहरु चुनाव त जित्दै गए तर मधेशी आम जनता त्यहाँको त्यहीं ।

पहिला शोषण, विभेद र अन्यायको विरुद्ध संघर्ष गरेका मधेशी आम जनता मधेशी नेताहरुको नेतातन्त्रबाट पनि त्यत्तिकै पीडित हुन पुगे । अब त जहाँ मधेशी नेताहरु पार्टीवादी आफ्न्तवादी र जातिवादी हुन पुगे । आफ्ना पार्टी कार्यकर्ताबाहेक कोही पनि नजर आउन छोड्यो यी मधेशी नेताहरुलाई । स्थानीय निकायदेखि प्रदेशसम्म यी नेताहरु विफल भए । मधेशका जनता यहीं मधेशी नेताहरु माथि विश्वास गर्न छोडे । आफ्नो सत्ता जोगाउन मधेशका स्मितासँग खेलबाड गरे अहिलेका यी मधेशी नेताहरुले । यिनीहरुले मधेशका मुद्दाहरुलाई विस्थापित गरे । आफ्ना पार्टी र आफ्नै पहुँच बनाउन लागिरहे मधेशका नेताहरु ।

मधेश स्थापित भए पनि मधेशका जनता चाही हारेको छ । चाहिएका जस्ता नेता अहिलेसम्म भेटाए न मधेशका जनताले । मधेशमा शिक्षाको अवस्था खस्किँदै गएका छन् । बेरोजगारी त्यस्तै बढेका छन् । खेतीपाती समाप्त भए । विकासको नाममा केही कंक्रिट बाटो र भवन पाए पनि सुशासनको अनुभूति गर्न पाएन । भष्टाचार बढ्दै गए । विकासका नाममा लूटतन्त्र हावी भए । घूसखोरी त्यतिकै बढे । मधेशका जनता त्राहिमाममा परे । नेता त कोही वैज्ञानिक पाए त कोही मशीहा तर सच्चा मधेशी नेता पाएन । यी मधेशी नेताहरु नेतातन्त्रको आधार बलियो बनाउँदै आम जनतालाई असहाय बनाए । आम जनता चाही बेचाराको बेचारा नै रहे । मधेशी आम जनताको तलाश अहिले पनि तलाश नै रहयो । हेरौं कति वर्ष कुर्नु पर्ला...।

# सरकारको अनावश्यक करले मुलुकको अर्थतन्त्र धरासायी : प्रभु साह



काठमाडौं । आम जनता पार्टी ( आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले सरकारको अनावश्यक र मनोमानी कर आतंकले मुलुकको अर्थतन्त्र धरासायी बन्दै गईरहेको टिप्पणी गरेका छन् ।

'दलाल एवं लुटकारी दलतन्त्र तथा भ्रष्टाचारको बिरोध गरौं, चैत २४ गतेको आन्दोलनमा सहभागि बनौं' भन्ने मुल नारा सहित आजपा निकटको आम सम्पर्क मञ्चको कोटेश्वर, काठमाडौंमा बसेको केन्द्रीय कमिटीको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष साहले सरकारको अनावश्यक एवं मनोमानी कर आतंक रोक्न आन्दोलनको बिकल्प नभएको बताए ।

'अहिलेको व्यवस्थाले तीनै तहका सरकारलाई कानून बनाउने र कर उठाउँने अधिकार दिएको छ । सरकारपिच्छे सरकारको अनावश्यक र मनोमानी कर उठाउने प्रतिस्पर्धा चलेको छ । त्यसैले हामीले भनिरहेका छौं, सरकारको अनावश्यक र मनोमानी कर आतंक रोक्न यो व्यवस्था नै खारेज गर्नुपर्छ । त्यसका लागि हामी सडकमा आउँनै पर्छ, आन्दोलन गर्नैपर्छ, आन्दोलनको विकल्प हामीसंग छैन्', आजपा अध्यक्ष साहले भने ।

जनतासंग कर लिने तर रिटर्नी नदिने सरकारलाई दण्डित गर्नुपर्ने उनले बताए । करको नाममा जनतासंग सरकारले लुट मचाइरहेको भए पनि जनतालाई त्यसको रिटर्नी केही पनि नदिने सरकार के कामका लागि भन्दै साहले प्रश्न उठाएका छन् । राज्यको ढुकुटी सिध्याएर नेपाली जनतामाथि विदेशी ऋणको भारी बोकाउने वर्तमान सरकार फाल्नुको विकल्प नभएको उनले बताए ।

उनले सरकार र संविधान दुवै असफल भईसकेकाले नागरिकको सर्वोच्चता सहितको व्यवस्थाका लागि पार्टीद्धारा घोषित तेस्रो जनआन्दोलन सफल बनाउन आह्वान गरे । गतबर्ष नै तेस्रो जनआन्दोलनको आह्वान गरेका साहले वर्तमान संविधान र सरकारकै कारण अहिले मुलुकमा संकट आएको टिप्पणी गर्दै अहिलेको व्यवस्थाको खारेजीका लागि तेस्रो जनआन्दोलन आवश्यक रहेको बताए ।

आउँदो २४ चैतमा आजपाले काठमाडौंमा खबरदारी सभाका साथै बिरोध प्रदर्शन गर्दैछ । त्यसैको पूर्वसन्ध्यामा बसेको बैठकले व्यापक जनसहभागिता जुटाउने निर्णय समेत गरेको छ ।

२४ चैतमा जनआन्दोलन दिवशकै दिन भ्रष्टाचार बिरुद्ध खबरदारी सभा र विशेष प्रदर्शन गर्न लागेको आजपाले सरकारको मनोमानी कर आतंक, भ्रष्टाचार, अनियमितता बिरुद्ध संघर्ष गर्दै आएको छ । गत बर्ष २४ चैतकै दिन आजपा अध्यक्ष साहले काठमाडौंको भृकुटी मण्डपबाट दलाल दलतन्त्रको बिरुद्ध तेस्रो जनआन्दोलनको घोषणा गरेका थिए । बैठकमा आजपा वरिष्ठ उपाध्यक्ष एवं संविधान सभाका सदस्य तिलक थापामगर, उपाध्यक्ष विल्टु यादव, महासचिव त्रिभुवन साह अमर, सचिवद्धय देवी पण्डित, नारायण पाण्डे, नेताहरु किशोरी साह, श्रीनारायण साह, उपेन्द्र साह, रन्जु साह, देव कुमारी, मिनादेवी साह, लखिन्द्रकुमार साह लगायतको विशेष सहभागिता रहेको थियो ।

# भेन्टिलेटरमा गइसकेको मधेशी निजामती कर्मचारी मञ्चलाई जीवन्तता दिएँ



**विनोद कुमार सिंह**

**महासचिव, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

**संस्थापक अध्यक्ष, नेपाल मधेशी निजामती कर्मचारी मञ्च**

**० तपाईं लोसपा नेपालका महासचिव हुनुहुन्छ, तर राष्ट्रियस्तरको ट्रेड युनियन नेपाल मधेशी निजामती कर्मचारी मञ्चमा भाँडभैलो मचाउनुभएको छ नि ?**

– म नेपाल मधेशी निजामती कर्मचारी मञ्चको संस्थापक हो । मलगायत थुप्रै साथीहरुले आफ्नो खुन पसिना बगाएर देशभरिका मधेशी कर्मचारीहरुलाई एकजुट बनाउँदै प्रथम मधेश आन्दोलनको दौरान मिशन मधेश तहत यो संस्थाको स्थापना भएको हो । यो स्थापनापश्चात २०६५ साउन १ गते हामीले श्रम विभागमा आधारिकरुपमा दर्ता गरायौं । त्यसपछि २०६५ सालमै हामीले लहानमा पहिलो महाधिवेशन गरायौं, जसको प्रमुख अतिथि उपेन्द्र यादवजी हुनुहुन्थ्यो । दोस्रो महाधिवेशन २०६८ मा वीरगन्जमा गरायौं, जसको प्रमुख अतिथि हृदयेश त्रिपाठी हुनुहुन्थ्यो । यस्तै, २०७३ जेष्ठ महिनामा तेस्रो महाधिवेशन भैरहवामा गरेका थियौं । पहिलो, दोस्रो र तेस्रो महाधिवेशनको निर्विरोध निर्वाचित अध्यक्ष म थिएँ । २०७४ कार्तिक ७ मा मैले सरकारी सेवाबाट राजीनामा गरेर पूर्णरुपमा राजनीतिमा लागेको हुँ । त्यसपछि म राष्ट्रिय जनता पार्टी नेपालको महासचिव भएँ । मञ्चको विधानअनुसार अध्यक्षको पद कुनै कारणवश खाली भएमा उपाध्यक्षमध्येबाट चुनिनेछ । त्यसअनुसार मञ्चमा भएकामध्ये भुवनेश्वर चौधरीलाई बाँकी कार्यकालका लागि अध्यक्षमा चयन गरेको थिएँ र समयमै महाधिवेशन गरेर संगठनलाई चुस्तदुरुस्त बनाउन जिम्मेवारी दिएको थिएँ । भुवनेश्वर चौधरीको कार्यकाल २०७७ जेठ सम्म थियो । मैले २०७७ असार मसान्तसम्म नवीकरण गरेर उहाँलाई जिम्मेवारी दिएको थिएँ । समयमै महाधिवेशन गराएको भए नवीकरण फेल पनि हुने थिएन । महाधिवेशन गराउन नसकेपछि स्वत: उहाँको कार्यवाहक अध्यक्ष समाप्त हुन्छ र कार्यसमिति तदर्थमा जान्छ । मलगायत अन्य साथीहरुले पटक-पटक महाधिवेशन गर्न भन्यौं । यसमा हाम्रो खुन पसिना लागेको छ, यसलाई जीवन्त राख्नुपर्छ भन्दाभन्दै पनि उहाँहरुले न त अधिवेशन गराउनुभो, न साथीहरुसँग सम्पर्क राख्नुभो । २०७७ पछि उहाँले दुई-तीन पटक महाधिवेशनको मिति तोक्नुभयो तर दुई-तीन अगाडि महाधिवेशन स्थगित गरिएको छ भनेर भन्नुभयो । गत वर्ष पनि उहाँले त्यस्तै गर्नुभयो । त्यसपछि २०८१ साउन ३२ र भदौ १ गते मञ्चको तेस्रो कार्यकालको आठौं पूर्ण बैठक काठमाडौंमा बस्यो । त्यो बैठकको बहुमतको निर्णयले चौथो महाधिवेशन २०८१ चैत ७-९ गते जनकपुरधाममा गर्ने निर्णय गऱ्यो । त्यसको संयोजक लालबाबु यादवलाई तोकियो । महाधिवेशनको संयोजक लालबाबु यादवले सम्पूर्ण तयारी पूरा गरिसकेपछि भुवनेश्वर चौधरीले फेरि तीन दिन अगाडि महाधिवेशन मिति सारिएको विज्ञप्ति जारी गर्नुभयो । चौधरीको अध्यक्ष पद २०७७ मै खारेज भइसकेको थियो । उहाँ उपाध्यक्षको हैसियतमा भएपनि महाधिवेशन गर्नुपर्ने थियो । गत फागुनको २४ गते जनकपुरधाममा महाधिवेशन तयारी समितिका संयोजकहरुले लालबाबु यादवको अध्यक्षतामा एउटा निर्णय कि भुवनेश्वर चौधरी वन बीउ केन्द्र नेपालगन्जको प्रमुख भएकोले उहाँलाई यो ट्रेड युनियनको पदबाट निलम्बन गऱ्यो । किनभने जो व्यक्ति कुनै विभागका प्रमुख हुन्छ त्यो व्यक्ति ट्रेड युनियनको पदाधिकारी रहन सक्दैन । त्यस्तै, महासचिव बेचन कुमार महतो पनि भू-संरक्षण कार्यालय महोत्तरीको प्रमुख हुनुभएको छ । उहाँलाई पनि साथीहरुले निलम्बन गऱ्यो । विधानत: उपाध्यक्षमध्ये अध्यक्ष चुनिनेछ भन्ने हिसावले ताहिर हुसेनलाई अध्यक्ष चयन गरेर तोकिएकै मिति २०८१ चैत ७-९ गतेमा जनकपुरधाममा महाधिवेशन सम्पन्न भयो । जुन काम चौधरीले ९ वर्षसम्म गर्न सक्नु भएन, त्यो काम ताहिर हुसेनले १५ दिनमा भव्यरुपमा गरेर देखाउनुभयो । त्यो महाधिवेशनमा मञ्चका ९५ प्रतिशत साथीहरुको उपस्थिति थियो । २०७७ मै जिल्ला अधिवेशनहरु भएका थिए । जिल्ला अधिवेशनहरु हुने अनि केन्द्रीय अधिवेशन नहुने कुरो हुँदैन । भुवनेश्वर र बेचन यो ट्रेड युनियनको सदस्य नै हुनुहुन्न ।

**० तपाईं पनि त मञ्चको सदस्य हुनुहुन्न, किन हस्तक्षेप गर्नुभयो त ?**

– म यो संस्थाको संस्थापक अध्यक्ष पनि हो । लगभग १३ वर्षसम्म जुन संस्थाको म अध्यक्ष भएर बसें, त्यो संस्था भेन्टिलेटरमा गइसकेको थियो । त्यसलाई जीवन्त पार्नुपर्छ भन्ने ध्येय थियो । संयोगवश पार्टीले मलाई निजामती सेक्टर हेर्ने जिम्मा पनि मलाई दिएको छ । त्यसैले मैले महाधिवेशन गराइदिएँ । भेन्टिलेटरमा गइसकेको संस्थालाई जीवन्त पार्न महाधिवेशन गराउनु भाँडभैलो हुन्छ भने तपाइँहरु नै मूल्यांकन गर्नुस् ।

**० भुवनेश्वर चौधरीले आगामी बैशाखमा मञ्चको महाधिवेशन हुने जुन घोषणा गर्नुभएको छ, त्यसको हुन्छ त ?**

– पहिलो कुरा, भुवनेश्वर चौधरी त ट्रेड युनियनको सदस्य नै होइन । त्यसो भएको हुनाले उहाँले के गर्नुहुन्छ, त्यो उहाँले जान्ने कुरा हो । मञ्चको अधिवेशन भइसक्यो, अब उहाँले केको अधिवेशन गर्नुहुन्छ । मञ्चको अधिवेशन हुँदैन अब । महाधिवेशनबाट निर्वाचित समितिले आगामी साउनदेखि सबै जिल्ला कार्यसमितिको अधिवेशन गराउँछ । त्यसैले, भुवनेश्वर चौधरीले के गर्नु हुन्छ, त्यो उहाँको निजी कुरा हो । मञ्चका ९५ प्रतिशत सदस्य महाधिवेशनमा सहभागी भएका थिए । उहाँले दिग्भ्रमित गर्ने काम मात्रै हो ।

**० भनेपछि, भुवनेश्वर चौधरीले गर्ने भनेको महाधिवेशन आधिकारिक होइन ?**

– हुँदै होइन । मञ्चको आधिकारिक कार्यसमिति त महाधिवेशनबाट चयन भइसक्यो । ट्रेड युनियनको सदस्य नभएको मान्छे अधिवेशनको मिति तोक्नु हास्यास्पद हो । उहाँले अब कुन अधिवेशन गर्नु हुन्छ, त्यो उहाँलाई नै सोध्नुहोला । यदि उहाँले नेपाल मधेशी निजामती कर्मचारी मञ्चको नाममा अधिवेशन गराउनुभयो भने कारबाही गर्छन् नि । जो मान्छे सदस्य छैन, उसले महाधिवेशन गराउँछु भन्छ भने निर्लज्जताको सीमा नाघिरहनु भएको छ । निजामती सेवा ऐनको दफा ५३ (२ क) मा स्पष्ट लेखिएको छ कि राजपत्रांकित कार्यालय प्रमुख ट्रेड युनियनको सदस्य हुन पाउँदैन । उहाँ विगत चार वर्षदेखि नेपालगन्जमा कार्यालय प्रमुखमा कार्यरत हुनुहुन्छ ।

**० उहाँले आगामी बैशाखमा मञ्चको ब्यानरमा महाधिवेशन भयो भने ?**

– अहिलेको कार्यसमितिले मञ्चको ब्यानर प्रयोग गरेर कुनै अधिवेशन गर्न दिँदैन । किनभने मञ्चको जिल्ला अधिवेशन अब साउन १ गतेदेखि मात्रै हुन्छ । मञ्चको ब्यानर प्रयोग गर्न पाउँदैन । यदि त्यसो गरियो भने कारबाही हुन्छ ।

**० तपाईंले मञ्चमा भाँडभैलो मचाउनुभयो भनेर तपाईंलाई लोसपाले कारबाही गर्नुपर्छ भनी ज्ञापनपत्र बुझाइएको छ नि ?**

– त्यो त उहाँले आफ्नो हैसियत बिर्सेर जानुभयो । उहाँ अस्ति-अस्ति आफूलाई जसपा नेपालको सदस्य भइसके भन्दै हिंडिराख्नुभएको थियो । राष्ट्रसेवक कर्मचारी भएर कुनै पार्टीमा जान मिल्दैन । मैले राजीनामा दिएर तत्कालीन अवस्थामा राजपा नेपालको सदस्यता लिएको थिएँ । वर्तमान कर्मचारी, निलम्बित ट्रेड युनियन सदस्य जसपा नेपालको निर्वाचन समिति सदस्य भएँ भनेर उहाँले भन्नुभयो । यो संस्थामा सबै मधेशवादी पार्टीमा आस्था राख्ने सदस्यहरु छन् । यो कुनै एउटा पार्टीको भ्रातृ संगठन पनि होइन, सुभेच्छुक संस्था हो । मलाई कारबाहीका लागि ज्ञापनपत्र बुझाउनुभएको छ । तर, मैले लोसपाको विधानविपरीत कुनै कार्य गरें भने कारबाही हुन्छ ।

**० लोसपाले तपाईंसँग यसबारे स्पष्टीकरण सोधेको छ कि छैन ?**

– छैन । बाटो हिंड्दै गएको मान्छेले ज्ञापनपत्र बुझाउँदैमा केही हुनेवाला छैन । मलाई अहिलेसम्म स्पष्टीकरण सोधिएको छैन र सोध्ने कुरो पनि छैन । हाम्रो राष्ट्रिय अध्यक्ष महन्थ ठाकुरको म सम्पर्कमा छु । मैले केही अनियमितता गरेकै छैन । भेन्टिलेटरमा गइसकेको संस्थालाई मैले जीवन्त बनाउन पहल गरें ।

**० तपाईं कुनै पार्टीको पदाधिकारी हुनुहुन्छ, महाधिवेशन गराउने अधिकार कसले दियो ?**

– मैले महाधिवेशन गराएको होइन, सहयोग त गर्न पाउनुपर्छ । म लोसपाको महासचिव मात्रै होइन, मेरो पृष्ठभूमि नै ट्रेड युनियन हो । मैले १४ वर्षसम्म नेतृत्व गरेको त्यो संस्था हो । त्यो संस्थामा मेरो खुन पसिना लागेको छ । त्यो संस्था विविधतरुपमा चल्नुपर्छ । नेपाल मधेशी निजामती कर्मचारी मञ्चको विधानमा स्पष्टरुपमा लेखिएको छ कि 'महाधिवेशन तीन-तीन वर्षमा हुनेछ । विशेष परिस्थितिमा केन्द्रीय समितिको निर्णयले बढीमा एक वर्षसम्मको म्याद थप गर्न सकिन्छ ।' २०७३ जेठमा म निर्वाचित अध्यक्ष थिएँ, २०७७ जेठसम्म मात्रै त्यो कार्यसमिति थियो । २०७७ जेठमा मिति सकिएपनि २०८१ को चैतमा महाधिवेशन गर्छु भन्दा पनि फेरि मिति सारियो भन्ने विज्ञप्ति जारी गरियो ।

**० महाधिवेशन गर्ने मिति २०७७ जेठसम्म मात्रै थियो भने यत्रो दिनसम्म तपाईंले किन पहल गर्नुभएन त ?**

– मैले पटक-पटक पहल गरेको हुँ । तर जहिले पनि भुवनेश्वर चौधरीले महाधिवेशनको मिति तोक्ने र फेरि सार्दै जाने । भनेपछि नेपाल मधेशी निजामती कर्मचारी मञ्चलाई खत्तम पार्ने नियत उहाँको हो । त्यसै पनि उहाँ चार महिनापछि अवकाश भएर घर जाँदै हुनुहुन्छ । सबै मधेशी कर्मचारीहरुको आस्थाको केन्द्रलाई समाप्त पार्न लागिएको थियो । त्यसैले, भाँडभैलो मैले होइन, चौधरीले गर्नुभएको हो । दुई चार जना साथीहरु महाधिवेशनमा सहभागी हुनुभएको थिएन, अहिलेको नेतृत्वले सबैलाई समेट्ने भन्नुभएको छ । संस्था जीवन्त रहनुपर्छ, मार्ने अधिकार कसैलाई छैन । म पार्टीमा भए वा नभए पनि म मञ्चको संस्थापक अध्यक्ष हुँ । तेस्रो महाधिवेशनको म निर्वाचित अध्यक्ष हुँ । त्यस हिसावले चौथो महाधिवेशन नभएसम्म मैले त्यो संस्थामा निगरानी राख्नु मेरो दायित्व थियो । त्यो हिसावले मैले चौथो महाधिवेशनमा सहयोग गरेको हुँ ।

**० मञ्चको जिल्ला, विभागीय र प्रदेश अधिवेशनहरु भएको थिएन भनेर त्यसका लागि भुवनेश्वर चौधरीले एक महिना महाधिवेशन सार्नुभएको जनाउनु भएको छ नि ?**

– यस्तो छ, उहाँको नेतृत्वमा थप आठ वर्षमा पनि एउटा जिल्ला अधिवेशन हुन सक्दैन । किनभने अधिवेशन गर्ने उहाँको क्षमता नै छैन । मैले अघि भनिसके, २०७७ मा सबै जिल्ला अधिवेशन भइसकेको छ । प्रदेश महाधिवेशनका लागि हामीले महासचिव बेचन महतोलाई तोकेका थियौं । तर उहाँले एउटा बैठक पनि गर्नुभएन, अधिवेशनको त कुरै छोडिदिउँ । त्यसैले जिल्ला अधिवेशनहरु भएका छन् । पटक-पटक जिल्ला अधिवेशन गरेर महाधिवेशन हुँदैन नि । अहिले साथीहरुले प्रदेश समिति पनि गठन गरिसक्नुभएको छ । अहिले मञ्चका सबै साथीहरु सक्रिय भइसकेका छन् ।

**० नेपाल मधेशी निजामती कर्मचारी मञ्च लोसपाको भ्रातृ संगठन हो ?**

– होइन । लोसपा, जसपा नेपाल, जनमत पार्टी मधेशवादी दलहरुप्रति आस्था राख्ने सम्पूर्ण मधेशीहरुको छाता संगठन हो ।

**० अहिले मञ्चको कार्यालय लोसपालाई कुन आधारमा दिनुभएको छ ?**

– केही दिनका लागि हामीले बस्न दिएका थियौं । लोसपाको आफ्नै केन्द्रीय कार्यालय नभएसम्म रहन्छ ।

**० मञ्चको भवन लोसपाले प्रयोग गरेवापत केही सहयोग आउँछ ?**

– लोसपाले मञ्चलाई केही-केही सहयोग गर्दै आएको छ । दैनिक खर्च सञ्चालन गर्न साथीहरुलाई दिने गरेको छ । हामीले भाडामा दिएको होइन ।

**० तपाईंले व्यक्तिगत लाभका लागि मञ्चमा हस्तक्षेप गरेर आफूअनुकूल नेतृत्व छान्नुभयो भन्ने आरोप छ त ?**

– समीक्षा गर्नुस्, मैले ९ वर्षमा तीन वटा महाधिवेशन गराएँ । मैले छोड्ने बेला उपाध्यक्षलाई जिम्मा दिँदा उसले ९ वर्षमा एउटा पनि जिल्ला अधिवेशन गराउन सक्यो, न महाधिवेशन गराउन सक्यो । कसैमाथि लाञ्छना लगाउन त सजिलो छ नि ।

# कवाड व्यवसायीले काठमाडौं महानगरपालिका घेराउ गर्ने

काठमाडौं । काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहको मनोमानी र ज्यादती बिरुद्ध कवाड व्यवसायीले महानगर घेर्ने चेतावनी दिएका छन् ।
कवाड व्यवसायी समाज नेपालले सोमबार पत्रकार सम्मेलन गर्दै यस्तो चेतावनी दिएको हो ।
समाजका अध्यक्ष रामकेवल गुप्ताले व्यवसायीमाथि भइरहेको ज्यादतीको विरुद्धमा महानगर घेर्ने बताए ।
डेढ वर्षदेखि आफूहरुले आन्दोलन गर्दा पनि नशाको धुनमा सुतिरहेका महानगरका मेयर शाहले समस्याको कुनै समाधान नै नखोजेको उनले बताए । नगरप्रहरीको दमनकै कारण मेयर बालेनको दुर्गति सुरु भइसकेको उनले बताए ।
उनले कवाड व्यवसायीमाथि महानगरपालिकाद्धारा भईरहेको ज्यादती तत्काल रोक्न माग गरेका छन् । कवाड व्यवसायी समाजले



आफूहरुमाथि महानगरले गरिरहेको ज्यादती रोकेर सहज ढंगले व्यवसाय गर्ने वातावरण निर्माण गरिदिन आग्रह गरेको छ । आफूहरुमाथि भइरहेको ज्यादती नरोकिएको खण्डमा थप संघर्षका कदमहरु अगाडि बढाउने उनीहरुको चेतावनी छ ।
महानगरले कवाड व्यवासायीहरुको व्यवसायस्थलमा डोजर आतंक मच्चाएको, तोडफोड गरेको, साईकल र समान जफत गरेको उनीहरुको आरोप छ । उनीहरुले आफूहरुको जिउ, धनको रक्षाका लागि सरोकारवालाहरुको पनि ध्यानाकार्षण गराएका छन् ।
पत्रकार सम्मेलनमा आम जनता पार्टी (आजपा)का उपमहासचिव एवं प्रवक्ता चन्द्रभुषण साहले काठमाडौं महानगरले शक्ति केन्द्र र सिण्डिकेटधारी व्यवसायीको आडमा आम सर्वसाधारणले गरिरहेको पेशा व्यवसाय खोस्ने काम गरिरहेको बताए । अब कडाव व्यवसायीले पनि आफ्नो सुरक्षाका लागि दस्ता अगाडि सार्ने उनले चेतावनी दिए ।
आईटी आर्मीका सचिव आर्या पाण्डेले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह साईकल चोर भएको टिप्पणी गरेका छन् । पाण्डेले मधेस सरकार नयाँ साईकल चोर हो भने काठमाडौंका मेयर बालेन शाह पुरानो साईकल चोर भएको आरोप लगाए ।
'तपाई (बालेन) रोजगार दिनसक्नुहुन्न भने तपाईलाई रोजगार खोस्ने अधिकार कसले दियो । तपाई त केपी ओलीको बाटोमा हिडिराख्नुभएको छ । मधेस सरकार नयाँ साईकल चोर हो भने तपाई त गुण्डागदी शैलीमा बाटोमा हिडनेको पुरानो साईकल चोर्दै हिडिराख्नुभएको छ', पाण्डेले भने, 'कवाड व्यवसायीको साईकल जबरजस्ती चोरी गर्ने तपाई (बालेन) महाचोर हो ।'
संघर्ष समितिका नेता ओमप्रकाश सिंह, जोगेन्द्र साह, मनोहर जैसवाल, सुरेश साह, सरोज श्रेष्ठ, गोपाल जैसवाल, उपेन्द्र साह, रविशंकर जैसवाल, कृष्ण यादव, श्याम यादव, आर्या पाण्डेलगायतको सहभागिता रहेको थियो ।

## बालेन विरुद्ध हजारौं आईटी आर्मीका युवा उतार्ने आर्या पाण्डेको चेतावनी

काठमाडौं । आम जनता पार्टी (आजपा) निकटको आईटी आर्मीका काठमाडौं उपत्यका इन्चार्ज आर्या पाण्डेले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह साईकल चोर भएको टिप्पणी गरेका छन् ।
कवाड व्यवसायी समाज नेपालले सोमबार काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै पाण्डेले मधेस सरकार नयाँ साईकल चोर हो भने काठमाडौंका मेयर बालेन शाह पुरानो साईकल चोर भएको आरोप लगाए ।
'तपाई (बालेन) रोजगार दिनसक्नुहुन्न भने तपाईलाई रोजगार खोस्ने अधिकार कसले दियो । तपाई त केपी ओलीको बाटोमा हिडिराख्नुभएको छ । मधेस सरकार नयाँ साईकल चोर हो भने तपाई त गुण्डागदी शैलीमा बाटोमा हिडनेको पुरानो साईकल चोर्दै हिडिराख्नुभएको छ', पाण्डेले भने, 'कवाड व्यवसायीको साईकल जबरजस्ती चोरी गर्ने तपाई (बालेन) महाचोर हो ।'
यस्तै उनले काठमाडौं महानगरका प्रहरी राजु पाण्डेलाई कवाड व्यवसायीको साईकल चोर्ने काम बन्द गर्न चेतावनी दिए । 'यो राजु पाण्डेले साईकल चोर्ने काम बन्द गर्नुपर्छ, दुई चार सय नगरप्रहरीले केही गर्न सक्दै । तपाईले साईकल चोर्ने काम बन्द गरेन भने हामी प्रतिकारमा हजारौं आईटी आर्मीका युवा उत्रानेछौं', आर्या पाण्डेले भने ।
कवाड व्यवसायीमाथिको दमन, अत्याचार, मनोमानी काठमाडौं महानगरले बन्द नगरे आईटी आर्मीले प्रतिकार गर्ने चेतावनी उनले दिएका छन् । काठमाडौंबाट लुटेर विदेशमा पुँजी लैजाने राम्रो की अन्तबाट पुँजी लिएर काठमाडौंलाई समृद्ध बनाउने कवाड व्यवसायीहरु राम्रो ? काठमाडौंलाई समृद्ध बनाउने कवाड व्यवसायीले सम्मानका साथ आफ्नो पेशा व्यवसाय गर्न पाउँनुपर्ने पाण्डेले जनाएका छन् । साथै कवाड व्यवसायीको आन्दोलनमा आईटी आर्मीको पूर्ण साथ, सहयोग र समर्थन रहेको उनले बताए ।

# चिनियाँ विस्तारवादलाई संस्थागत गर्न राजसंस्था पुन:स्थापनाको माग

काठमाडौं । राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले राजसंस्थाको पुन:स्थापनाको मागको मूल उद्देश्य नेपालमा चिनियाँ विस्तारवादलाई संस्थागत रहेको बताएका छन् ।
राष्ट्रिय एकता अभियान, काठमाडौँद्वारा आयोजित "राजसंस्थामा चिनियाँ विस्तारवाद" विषयक विशेष छलफल कार्यक्रममा उनले यस्तो धारणा व्यक्त गरे। कार्यक्रममा सहभागी विश्लेषक, राजनीतिकर्मी, प्राध्यापक, अभियन्ता र कलाकारहरूले नेपालका राजाहरूले लिएका नीतिगत निर्णयहरू चीनको रणनीतिक हितमा कसरी उपयोग भएका छन् भन्ने विषयमा छलफल गरे।
कार्यक्रममा मधेश प्रदेश सम्पर्क समितिका संयोजक बिनोद सिंहले मुख्य कार्यपत्र प्रस्तुत गरे। उनले पृथ्वीनारायण शाहदेखि ज्ञानेन्द्र शाहसम्मका निर्णयहरूले नेपालमा चिनियाँ प्रभावलाई कसरी संस्थागत बनाएको छ भन्ने विषयमा ऐतिहासिक दृष्टान्तहरू र कूटनीतिक सन्दर्भहरू प्रस्तुत गरे। उनले बहादुर शाहको तिब्बत हस्तक्षेप, महेन्द्र शाहको सीमा सन्धि, र ज्ञानेन्द्र शाहको सार्कमा चीनको स्थायी सदस्यताका प्रयासजस्ता विषयहरूलाई प्रमाणका आधारमा विश्लेषण गरे।
अध्यक्ष यादवले कार्यपत्रमा उठाइएका बुँदाहरूलाई थप पुष्टि गर्दै भने, "राजसंस्थाले कहिल्यै जनताको हितमा निर्णय गरेन, उसले सदैव विदेशी शक्तिसँग साँठगाँठ गरेर आफ्नो सत्तालाई जोगाउन खोज्यो। आज फेरि




राजसंस्थाको नाममा चीनलाई नेपालमा गहिरो रणनीतिक प्रभाव जमाउन सजिलो बनाउने प्रयास भइरहेको छ।" उनले चिनियाँ लगानी, पूर्वाधार, शिक्षा, पर्यटन र सञ्चारका माध्यमबाट भइरहेको प्रभाव विस्तारप्रति पनि गम्भीर चिन्ता व्यक्त गरे।
कार्यक्रममा सहभागी वक्ताहरूले पृथ्वीनारायण शाहले तिब्बतसँग व्यापारिक सम्बन्ध विस्तार गरेर चीनसँगको प्रारम्भिक सम्पर्क सुरु गरेको, बहादुर शाहले चिङ चीनसँग अपमानजनक सन्धिमा हस्ताक्षर गर्न बाध्य भएको, र त्रिभुवन शाहले चीनसँग कूटनीतिक सम्बन्ध कायम गरेपछि नेपालको विदेश नीतिमा असन्तुलन सुरु भएको ठहर गरे। महेन्द्र शाहको चीनसँगको सीमा सन्धिले नेपालको रणनीतिक स्वतन्त्रता गुमाएको र वीरेन्द्र शाहको शान्ति क्षेत्र प्रस्तावले चीनको समर्थन त पाए पनि नेपालको सार्वभौम निर्णय क्षमतामा निर्भरता बढाएको विश्लेषण कार्यक्रममा गरियो। ज्ञानेन्द्र शाहको पालामा चीनलाई सार्कमा स्थायी सदस्य बनाउन गरिएको पहलले नेपाललाई भारत-चीन रणनीतिक द्वन्द्वको संवेदनशील घेराभित्र पुऱ्याएको वक्ताहरूले बताए। उनीहरूले यस्ता निर्णयहरूलाई चिनियाँ हितअनुकूल भन्दै राजसंस्थाले कहिल्यै राष्ट्रको दीर्घकालीन हितमा काम नगरेको आरोप लगाए।
कार्यक्रमको सञ्चालन अभियानका केन्द्रीय सदस्य चन्द्र यदुवंशीले प्रभावशाली ढंगमा गरे। कार्यक्रममा नेपाल शंकराचार्य पीठका अध्यक्ष दयाराम पाण्डेय, दलित अभियन्ता नरेन्द्र पासवान, नेपाली जनता दलका अध्यक्ष हरिचरण साह, अभियानका उपाध्यक्ष भूपेन्द्र चौधरी, महिला उद्यमी लक्ष्मी ज्ञवाली, प्राध्यापक शम्भू देव, र लोकगायक रविराज साहलगायत विविध क्षेत्रका व्यक्तित्वहरूको सक्रिय उपस्थिति थियो।
छलफलको निष्कर्षमा सहभागीहरूले भने, नेपालले विगतका ऐतिहासिक भूलहरूबाट स्पष्ट पाठ सिक्नुपर्छ। राजसंस्थाको पुन:स्थापना देशको सार्वभौमसत्ता, राजनीतिक स्थायित्व र कूटनीतिक सन्तुलनका लागि गम्भीर चुनौती बन्न सक्छ। त्यसैले नेपालको दीर्घकालीन हितको लागि स्वतन्त्र, सन्तुलित र आत्मनिर्भर परराष्ट्र नीति निर्माण गर्नु अत्यावश्यक छ–यो धारणा कार्यक्रममा सर्वसम्मत रूपमा प्रस्तुत भयो।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# भारतीय प्राविधिक तथा आर्थिक सहकार्य दिवस मनाइयो




काठमाडौं । काठमाडौंस्थित भारतीय राजदूतावासले ६० औं भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) दिवस मनाइएको छ ।

आइटेक दिवस समारोहको उपलक्ष्यमा थुप्रै संसद सदस्यहरू, वरिष्ठ सरकारी अधिकारीहरू, आइटेकका पूर्वविद्यार्थीहरु र भारतीय शैक्षिक संस्थाका प्रख्यात नेपाली पूर्वविद्यार्थीहरु उपस्थित थिए । नेपालका परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थिति जनाएका थिए ।

आइटेकको रूपमा परिचित भारतीय प्राविधिक तथा आर्थिक सहकार्य कार्यक्रम भारत सरकारको विदेश मन्त्रालयको अग्रणी क्षमता निर्माण प्लेटफर्म हो । अन्तर्राष्ट्रिय क्षमता निर्माणको लागि सबैभन्दा पुरानो संस्थागत व्यवस्थाहरू मध्ये एक रहेको आइटेक सन् १९६४ मा स्थापना भएका हो जसले १६० भन्दा बढी देशका २००,००० भन्दा बढी अधिकारीहरूलाई तालिम दिएको छ । उच्च शैक्षिक संस्था र प्रशिक्षण सुविधाहरूमा उपलब्ध भारतको शासन र विकास-सम्बन्धित विशेषज्ञताको विशाल र समृद्ध सञ्जाल निर्माण गर्दै आइटेकले प्रत्येक वर्ष भारतका १००+ प्रख्यात संस्थानहरूमा लगभग ४०० कोर्षहरू मार्फत करिब १०,००० फुल्ली-फन्डेड इन-पर्सन प्रशिक्षण अवसरहरू प्रदान गर्दछ ।

कार्यक्रमको क्रममा महान्यायाधिवक्ता रमेश बडाल, राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका सहायक संयोजक तथा आइटेकका पूर्वविद्यार्थी सहायक रथी पवन खत्री र सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी उपरीक्षक दयाराम शर्माले आइटेकका बारेमा आफ्ना अनुभव र अन्तर्दृष्टि साझा गरेका थिए ।

समारोहमा भारतीय सांस्कृतिक सम्बन्ध परिषद्द्वारा समर्थित प्रख्यात कलाकार कुलेश्वर कुमार ठाकुरको नेतृत्वमा रहेको भारतको सांस्कृतिक समूह 'यज्ञ' द्वारा मनमोहक मयूरभञ्ज छाऊ नृत्य प्रस्तुति गर्नुका साथै नेपालको प्रख्यात कान्त दब दब ब्यान्डद्वारा मंत्रमुग्ध वाद्य लोक फ्युजन र ज्याज पनि समावेश थियो ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले भारतमा अध्ययन गर्दाको आफ्नो अनुभवलाई स्नेहपूर्वक सम्झिइन् र विकास र शिक्षाको क्षेत्रमा भारत सरकारको असंख्य पहलहरूको लागि कृतज्ञता व्यक्त गरे ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले आफ्नो मन्तव्यमा आइटेक पहललाई थप विस्तार गर्ने र नेपाल सरकारको विकसित प्राथमिकताहरू अनुसार थप अनुकूलित कार्यक्रमहरू प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सन् २०२४-२०२५ मा नेपालका ५१० जना पेशेवरहरूलाई भारतका विभिन्न प्रमुख संस्थानहरूमा विभिन्न कोर्षहरूको लागि तालिम दिइएको थियो । नेपाल सरकारका २१ जना इन्जिनियरहरू आइआइटी रुडकीमा जलस्रोत व्यवस्थापन, जलविज्ञान, सिँचाइ जल व्यवस्थापन जस्ता विषयहरूमा दुई वर्षे एम.टेक. कोर्षमा भर्ना भएका छन् ।

सन् २०२४-२०२५ मा भारतका १० प्रमुख संस्थानहरूमा डाक्टरहरू (५०); सरकारी वकिलहरू (३०); राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालका सदस्यहरू (१५), नेपाल प्रहरी (१४३); सशस्त्र प्रहरी बल (८०); गृह मन्त्रालय (२४); खानेपानी मन्त्रालय (४०) का लागि १८ अनुकूलित कोर्षहरूको व्यवस्था गरिएको थियो ।

नजिकको र मैत्रीपूर्ण छिमेकी भएको नाताले भारत सरकारको आइटेक पहलमा नेपाल सक्रिय साझेदार हो । नेपालबाट विगत १५ वर्षमा मात्र ३,००० भन्दा बढी अधिकारीहरूलाई आइटेक अन्तर्गत रहेर तालिम दिइएको छ ।

यी क्षमता निर्माणका कार्यक्रमहरू भारतले गरेको प्रयासको एक हिस्सा रहेका छन् जसले नेपाल र साझेदार देशहरूको मानव संसाधन विकासलाई सहयोग गर्ने मात्र नभई उनीहरूको अनुभवबाट सिकी उक्त क्षेत्रको समग्र सामाजिक-आर्थिक लाभमा योगदान पुर्याउँदछन् ।

# हिमनदीको संरक्षण गर्न जरूरी : मन्त्री यादव

काठमाडौँ । खानेपानी मन्त्री प्रदीप यादवले जलवायु परिवर्तक कारण हिमनदीहरूमा परेको प्रभावले नेपालमा खानेपानी, कृषि, जलविद्युतमा असर गरेको बताएका छन् ।

शनिबार विश्व पानी दिवसको अवसरमा सोसाइटी अफ पब्लिक हेल्थ इन्जिनियर्स, नेपाल (सोफेन)द्वारा यहाँ आयोजित "दिगो खानेपानी सरसफाई तथा स्वच्छतामा लगानी" विषयक गोष्ठीमा मन्त्री यादवले हिमनदीको संरक्षण गर्न जरुरी भएको बताएका हुन् ।

"पानी जीवनको आधार हो । पानी बिना कुनै पनि जीवित प्राणीको अस्तित्व सम्भव छैन । यसर्थ हिमनदीको संरक्षण गर्न जरुरी छ ।", उनले भने । उनले नेपाल सरकार खानेपानी मन्त्रालय संविधानले प्रत्याभूत गरेको मौलिक हक अनुसार स्वच्छ खानेपानी र सरसफाइको सुनिश्चितता गर्न कटिबद्ध रहेको समेत बताए ।

मन्त्री यादवले ग्लेशियर भनेको हिमालय क्षेत्रमा हजारौँ वर्षदेखि जमेको बरफ, हिउँ, र चट्टानको ठूलो सङ्ग्रह भएको जानकारी गराए ।

यसैगरी उनले स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)को सुनिश्चितता भनेको नागरिकको मौलिक हक मात्र नभई सामाजिक न्याय, सार्वजनिक स्वास्थ्य, आर्थिक समृद्धि र वातावरणीय सन्तुलनको पनि मुख्य आधार भएको बताए ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा बिरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका
धनुषा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा बिरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा बिरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा बिरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश



# स्वर्ण जयन्ती छात्रवृत्ति दिवस मनाइयो

काठमाडौं । काठमाडौंस्थित भारतीय राजदूतावासमा शनिबार २३ औं स्वर्ण जयन्ती छात्रवृत्ति दिवस मनाइएको छ । सो कार्यक्रममा छात्रवृत्तिद्वारा समर्थित लगभग २०० विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

स्वर्ण जयन्ती छात्रवृत्ति दिवस समारोहको उपलक्ष्यमा विश्वविद्यालय अनुदान आयोग नेपालका अध्यक्ष डा. देवराज अधिकारी; काठमाडौं विश्वविद्यालयका उपकुलपति डा. अच्युत वाग्ले; राजर्षि जनक विश्वविद्यालयका उपकुलपति डा. अमरप्रसाद यादव; पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति डा. बिजु कुमार थपलिया; मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति डा. ध्रुव कुमार गौतम; वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. ज्ञानेन्द्र गिरी; र कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपति डा. शारदा थपलियाले उपस्थिति जनाएका थिए ।

कार्यक्रममा विभिन्न संस्थानका डीनहरू र प्रख्यात विद्यालयका प्रधानाध्यापकहरूको पनि उपस्थिति रहेको थियो ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले स्वर्ण जयन्ती छात्रवृत्ति प्राप्त गरेका दोस्रो ब्याचका मेधावी विद्वानहरुलाई राजदूतको स्वर्ण जयन्ती छात्रवृत्ति रोल अफ अनर प्रदान गरे ।

राजदूत श्रीवास्तवले आफ्नो मन्तव्यमा स्वर्ण जयन्ती छात्रवृत्ति योजनाको २३ औं ब्याचका पुरस्कृतहरुका साथै राजदूतको रोल अफ अनरको दोस्रो संस्करणका मेधावी विद्यार्थीहरूलाई पनि बधाई दिए । उनले विद्यार्थीहरूलाई आ-आफ्नो क्षेत्रमा उत्कृष्टताको लागि प्रयास गर्न प्रोत्साहन गरे र भारतको स्टार्टअप इकोसिस्टम, इन्क्युबेशन सेन्टरहरू र अन्य सहकार्यका पहलहरूमा हुने संलग्नता मार्फत उपलब्ध हुने व्यापक अवसरहरूमाथि प्रकाश पारे ।




भारत-नेपाल आर्थिक सहयोगको ५० वर्षको स्मरणमा सन् २००२ मा प्रतिष्ठित स्वर्ण जयन्ती छात्रवृत्ति स्थापना गरिएको थियो । यस समयको अवधिसम्म छात्रवृत्ति प्राप्त गर्नेहरूको संख्या वार्षिक रुपमा २०० जना पुगेको छ ।

यस छात्रवृत्ति योजनाबाट नेपालका सबै ७७ जिल्लाबाट ३५०० जना भन्दा बढी नेपाली विद्यार्थीहरू लाभान्वित भएका छन् । अहिलेको ब्याचमा छात्रवृत्ति प्राप्त गर्नेहरू नेपालका ७५ जिल्लाबाट रहेका छन् जसमध्ये एक तिहाइ छात्राहरू रहेका छन् । यस वर्ष ०३ जना भिन्न क्षमता भएका विद्यार्थीहरू पनि छनोट भएका छन् ।

भारत सरकारले प्रत्येक वर्ष इन्जिनियरिङ्ग, चिकित्सा, दन्त विज्ञान, व्यवस्थापन, वाणिज्य, नर्सिङ्ग, आयुर्वेद, नृत्य, रंगमञ्च र प्रदर्शन कला लगायत विभिन्न क्षेत्रहरूमा नेपाली विद्यार्थीहरूलाई लगभग १,५०० छात्रवृत्ति प्रदान गर्ने गरेको छ ।

यी छात्रवृत्तिहरूले विद्यार्थीहरूलाई भारतका शैक्षिक संस्थानहरूमा पहुँच प्रदान गर्दछ र उनीहरूलाई नेपालमा स्नातक कोर्षहरूका साथै स्नातक, स्नातकोत्तर र विद्यावारिधि कार्यक्रमहरूमा शिक्षा हासिल गर्न सहयोग गर्दछ । सन् २००१ यता भारत सरकारको तर्फबाट नेपालका लागि भएका विभिन्न छात्रवृत्ति पहलहरूबाट लगभग ४०,००० विद्यार्थीहरू लाभान्वित भएका छन् ।

भारत र नेपालबीच रहेको शैक्षिक सहयोग, क्षमता निर्माण र शैक्षिक साझेदारीले दुई देशबीचको दिगो मित्रतालाई थप गहिरो बनाउनुका साथै नयाँ सम्बन्धहरूलाई प्रवर्द्धन गरी जनता-जनताबीचको सम्बन्धलाई थप सुदृढ बनाउँदै लगेको छ ।

छात्रवृत्ति र क्षमता निर्माण कार्यक्रमका पहलहरूले नेपालको प्रगति, ज्ञान र साझा समृद्धिको लागि मानव संसाधन विकासमा साझेदारी गर्ने भारतको प्रयासको अभिन्न अंगको रुपमा कार्य गरेका छन् ।

## नेपाल लाइफद्वारा २०८२ सालको क्यालेन्डर सार्वजनिक

काठमाडौं । नेपालको सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्सले वि.सं.२०८२ सालको क्यालेन्डर सार्वजनिक गरेको छ । शुक्रबार कम्पनीको केन्द्रीय कार्यालय कमलादीमा आयोजित एक विशेष समारोहका बीच क्यालेन्डर सार्वजनिक गरिएको हो ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुली, नायव प्रमुख कार्यकारी अधिकृत अमित कुमार कयाल, प्रमुख–बिजनेस अपरेसन ओम प्रकाश पुडासैनी र प्रमुख वित्त अधिकृत प्रेम प्रसाद रेग्मीले संयुक्त रुपमा क्यालेन्डर अनावरण गरेका हुन् । बिदाको सूची, पर्व, दिवस, पञ्चांग तिथि, तारिख समावेश गरि क्यालेन्डर सार्वजनिक गरिएको हो ।

यस अवसरमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत पराजुलीले सम्पूर्ण ग्राहक, कम्पनीको मेरुदण्डका रूपमा रहेका बीमा अभिकर्ताहरु, मार्गनिर्देशन प्रदान गर्ने संचालक पदाधिकारीहरु, आरोह अवरोहमा सदैव साथ दिने कर्मचारीहरु, माया, स्नेह प्रदान गर्ने शेयरधनीहरु, नेपाल बीमा प्राधिकरण, अन्य नियामक निकायहरुका साथसाथै नेपालकै सर्वाधिक विस्वासिलो जीवन बीमा कम्पनीको रूपमा स्थापित गर्न अतुलनीय भूमिका खेल्ने सबै सरोकारवालाहरुलाई नयाँ वर्ष २०८२ को अग्रीम शुभकामना समेत व्यक्त गरेका थिए ।

आगामी दिनहरुमा कम्पनीलाई थप सशक्त बनाउनका निम्ति नविनतम प्रविधिको अधिकतम प्रयोग गर्दै ग्राहकहरुको सेवाको गुणस्तरीयतालाई थप प्रभावकारी बनाउन कम्पनीले समय सुहाँउदो योजना ल्याउने बताए । यसका साथै सम्पूर्ण सरोकारवालाहरुको अपेक्षालाई पूरा गर्न कम्पनी दत्तचित्त भएर लागि पर्ने कुरा व्यक्त गरे ।

## रौतहट उद्योग वाणिज्य संघमा विवाद

राकेश यादव, रौतहट । उद्योग वाणिज्य संघमा साधारण सभा गर्ने विषय लिएर विवाद उत्पन्न भएको छ । ३ वर्षे कार्यकाल सकिए पछि नयाँ नेतृत्व चयन गर्नको लागि आयोजना गरिने साधारण सभाको विषयमा वाणिज्य संघको अध्यक्ष र महासचिवबीच विवाद उत्पन्न भएपछि तोकिएको मितिमा साधारण सभा हुन नसक्ने अन्यौलता बढ्दै गएको हो ।



शनिबार उद्योग वाणिज्य संघका महासचिव रबिन्द्रनाथ गोपाली र अध्यक्ष पंडित प्रसाद जैसवालले नेपाल पत्रकार महासंघ रौतहट शाखामा छुट्टाछुट्टै पत्रकार सम्मेलन गरी एक अर्का माथि आरोप प्रत्यारोप लगाएका छन् ।

महासचिव गोपालीले कार्यसमितिको अवधि गएको पुष २६ गतेमा नै सकिएकोले चैत्र २३ गते साधारण सभाको आब्हान गरेकोमा अध्यक्षको आपति भएको बताएका छन्। उनले बर्तमान कार्यसमितिले नया नेतृत्व चयन गर्ने पक्षमा भएपनि अध्यक्षले बिधान विपरित ६ महिना आफ्नो अबधि लम्ब्याउन खोजेको आरोप लगाए।

अवधि सक्नुभन्दा अगाबै साधारण सभाको समय निर्धारण गर्नु पर्ने भएकोले पटक पटक मिति तोक्नु आग्रह गर्दा पनि अध्यक्षले अनाकानी गर्दै आएकोमा आफ्नो अध्यक्षतामा बैठक बसाएर साधारण सभा बोलाउने निर्णय गरेको दावी गरे ।

महासचिव गोपालीले जालझेल गरेर अवधि लम्ब्याउने खोजेको भन्दै त्यस्तो कुनै पनि हालतमा हुन नदिने बिरोध गरे अध्यक्षलाइ पेलेर भएपनि साधारण सभा गराउने चेतावनी दिए।

अध्यक्षले सहमतिमा आएन भने बहुमतको आधारमा साधारण सभा गराउने छु उनले भने बिधान बिपरित जादैनौ। नया सदस्यता शुल्क घटाउने कार्यसमितिको निर्णय रहेको अनुसार नै शुल्क लिने गरेको दाबी उनको रहेको छ।

कार्यालयमा तालाबन्दी गरिएको कुरा अफवाह भएको ठोकुवा गरे। ताला बन्दी गरिएको छैन उनले थपे कर्मचारी नभएको करण कार्यालय बन्द रहेको दुई आर्थिक वर्षको आय व्ययको लेखा परिक्षण भए पनि एक बर्षको लेखापारिक्षण गराउन अध्यक्षलाइ भन्दा पनि कुनै चासो नलिएको टिप्पणी गरे।

महासचिव गोपालीको करण नै साधारण सभा नहुने अवस्थामा पुगेको रौतहट उद्योग बाणिज्य संघका अध्यक्ष पंडित प्रसाद जैसवालको आरोप रहेको छ। कार्यसमितिको निर्णय बाट महासचिवको नेतृत्वमा नबिकरण तथा नया सदस्यताको समिति बनाईएको बताउदै महासचिवले बिना कुनै कागजातको सदस्यता रसिद काटेकोले विवाद उत्पन भएको उल्लखे गरे।

अध्यक्ष जयसवालले १८ सयभन्दा बढी व्यक्तिको बिना प्रमाण रसिद काटिएको दावी गरे। सदस्यता रसिद काटिएको बिषयमा छलफल गर्न महासचिवलाइ भन्दा चासो नलिएको करण यस्तो अवस्था सृजना भएको उहाको कथन रहेको छ।

आफुले साधारण सभा गराउन तयार रहेको भन्दै नियम बिपरित वितरण गरिएको नया सदस्यतालाइ कुनै पनि हालतमा स्वीकार्य नगर्ने जनाए। ३५ दिन अगावै मतदाता नामबाली प्रकाशन गर्नु पर्ने प्रवधान रहेकोले अहिले सम्म त्यो कार्य नभएकोले चैत्र २३ गते तोकिएको साधारण सभा नहुने बताए।

व्यापारीहरुको हक हितको लागि सबैले मिलेर अघि बढ्नु पर्ने धारणा राख्दै अध्यक्ष जैसवालले बिबादित बिषयमा बसेर छलफल गरेर अघि बढ्न महासचिव लगायत अन्य पदाधिकारीलाई आग्रह गरे ।


सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका

पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका

महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका

सर्लाही, मधेश प्रदेश

# दैलेखको दुल्लू नगरपालिकामा विद्यालय बहुउद्देश्यीय भवन निर्माणको शिलान्यास



काठमाडौं । दैलेख जिल्लाको दुल्लू नगरपालिकास्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बहुउद्देश्यीय भवन निर्माणको शिलान्यास भएको छ । कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयका मन्त्री घनश्याम भण्डारी, काठमाडौंस्थित भारतीय राजदूतावासका काउन्सिलर अविनाश कुमार सिंह र दैलेख जिल्लाको दुल्लू नगरपालिकाका मेयर भरत प्रसाद रिजालले संयुक्त रूपमा शिलान्यास गरेका हुन् ।

उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधिहरु, सरकारी अधिकारीहरु, सामाजिक कार्यकर्ताहरू तथा विद्यालयका शिक्षकहरू, विद्यार्थीहरू र उनीहरूका अभिभावकहरूको पनि उपस्थिति थियो ।

'नेपाल-भारत विकास सहयोग' अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा नेरु.३.९ करोड परियोजना लागतमा श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बहुउद्देश्यीय भवन निर्माण भइरहेको छ ।

'नेपाल-भारत विकास सहयोग' अन्तर्गत भारत सरकारको अनुदान साढे तीन तल्ले भवन निर्माणको लागि प्रयोग गरिँदैछ जसमा हस्तकला प्रदर्शन क्षेत्र, पुस्तकालय, दुल्लू राज्यसँग सम्बन्धित सांस्कृतिक कक्ष, बहुउद्देश्यीय हल, कार्यालय क्षेत्र र अन्य सम्बद्ध सुविधाहरू समावेश हुनेछन् ।

यो परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजना ( एचआइसीडीपी) को रूपमा लिइएको छ र दैलेखको दुल्लू नगरपालिका मार्फत कार्यान्वयन गरिँदैछ ।

कर्णाली प्रदेश सरकारका माननीय मन्त्री, दैलेखको दुल्लू नगरपालिका मेयर र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा अन्य सरोकारवालाहरूले नेपाली जनताको लागि भारत सरकारले गरिरहेको विकास सहयोगको प्रशंसा गरे ।

उनीहरूले निर्माण हुने पूर्वाधारले विद्यालयका विद्यार्थीहरू र स्थानीय समुदायलाई दुल्लू राज्यको इतिहास र संस्कृतिको बारेमा बुझ्न मद्दत गर्ने विश्वास व्यक्त गरे । यसले सिकाइको लागि उपयुक्त वातावरण सिर्जना गर्न र नेपालको कर्णाली प्रदेशमा शिक्षा र संस्कृति क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउन पनि मद्दत गर्नेछ । सन् २००३ यता भारत सरकारले नेपालमा विभिन्न क्षेत्रहरूमा ५६३ भन्दा बढी एचआइसीडीपीहरुमा कार्य गरेको छ र ४९५ परियोजनाहरू सम्पन्न गरिसकेको छ । यी मध्ये १५ वटा परियोजनाहरू कर्णाली प्रदेशमा रहेका छन् ।

यसका अलावा भारत सरकारले नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थाहरूलाई १००९ वटा एम्बुलेन्स र ३०० वटा स्कूल बस उपहार स्वरूप प्रदान गरेको छ । यी मध्ये कर्णाली प्रदेशमा ५० वटा एम्बुलेन्स र ८ वटा स्कूल बस उपहार स्वरूप प्रदान गरिएको छ ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको उत्थानका लागि र प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

# अन्तर्राष्ट्रिय उत्कृष्टता सेवा पुरस्कारबाट १५ जना भारतमा सम्मानित




काठमाडौं । अन्तर्राष्ट्रिय उत्कृष्टता सेवा पुरस्कारबाट तराई-मधेश महिला फाउन्डेशन नेपालकी अध्यक्ष, समाजसेवी एवं महिला नेतृ सुनिता साह (क्रान्ति) सहित १५ जनालाई भारतको कलकत्तामा सम्मान गरिएको छ ।

अन्तर्राष्ट्रिय उत्कृष्टता सेवा पुरस्कार तथा इन्टरनेशनल एक्सेलेन्सी सर्भिस अवार्ड यी दुई अवार्डले सम्मानित गरिएको हो ।

उक्त कार्यक्रममा सहभागीहरुले नेपाल-भारत बिचको सम्बन्ध अझ सुमधुर बनाउनुपर्नेमा जोड दिँदै नेपाली टोपी, खादा र मालासहितले सम्मान समेत गरेको फाउन्डेसनले जनाएको छ ।

ग्लोबल मानव अधिकार संरक्षण मञ्चका संस्थापक सहअध्यक्ष महानन्द सरकार दत्तको अध्यक्षतामा तथा अधिवक्ता डा. विजय कस्तुरे ( महाराष्ट्र) को प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा राज्य निर्देशक एवम् महाराष्ट्र, जीएचआरपीएफका डा. प्रकाश रामभाउ खण्डग, डा. मुकुल चक्रवर्ती (सचिव, शैली शपथ, कोलकाता), कव्यगुरु डा. अजित दत्त (प्रसिद्ध कवि, आसाम), कवि अशोक चक्रवर्ती, कोलकाता लगायतकाहरुले आ-आफ्नो विचार व्यक्त गरेका थिए ।




## जिल्ला समाचार

### अब राजा आउने सम्भावना छैन : डा.भट्टराई

जनकपुरधाम । नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले देशमा राजतन्त्र आउने कुनै सम्भावना नरहेको बताएका छन् । जनकपुरधामस्थित प्रादेशिक पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा संविधान सभाबाट राजालाई हटाएकोले अब आउने सम्भावना नरहेको बताए । उनले राजतन्त्रको पक्षमा वकालत गरिए पनि संविधान सभाले गरेको निर्णयका विरुद्ध कुनै पनि गतिविधि स्वीकार गर्न नसकिने बताए । उनले नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक भएको देशमा सबैको बीचमा एकता कायम गर्नुपर्ने ठाउँमा एउटा जातिको पुरुष र एउटा जाति, धर्म मान्ने पुरुष राज्यसत्तामा ल्याउने भनेको समावेशिता, जातीय, क्षेत्रीय विविधता माथिको समेत प्रहार हुने र यसले ठूलो द्वन्द्वतर्फ लाने भएकाले सचेत रहनका लागि आग्रह गरे ।

### मुख्यमन्त्रीद्वारा जनकपुरधामका होटल अनुगमन

जनकपुरधाम । मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुरधामस्थित होटल अनुगमन गरेका छन् । यहाँका केही होटलमा सफा, स्वच्छ तथा स्वस्थ खाना उपलब्ध नहुने गरेको गुनासा तीव्र भएपछि मुख्यमन्त्री सिँहले होटल अनुगमन सुरु गरेका हुन् । प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधाम र घरेलु तथा साना उद्योग कार्यालयको संयुक्त टोलीसँगै मुख्यमन्त्री सिंहले जनकपुरधामस्थित होटल जानकी भ्यू, हंसराज स्विट, लक्ष्मी मिष्ठान्न भण्डार र रघुपति मिष्ठान्न भण्डारको अनुगमन गरेका हुन् । सुरक्षित तथा स्वच्छ खानेकुरा उत्पादन, वितरण र उपभोगमा उपभोक्ताको अधिकार सुनिश्चित गर्ने उद्देश्यले होटल अनुगमन सुरु गरिएको मुख्यमन्त्री सिंहले बताए । उनले होटल अनुगमन कार्यलाई सम्बद्ध सरकारी संयन्त्रले निरन्तरता दिने बताए । अनुगमनक्रममा अधिकांश होटललाई मापदण्डअनुसार भान्साकोठालाई सफा तथा व्यवस्थित राख्न निर्देशन दिइएको छ । साना उद्योग तथा घरेलु कार्यालय जनकपुरधामका प्रमुख सन्तोष साहका अनुसार हंसराज स्विटबाट उत्पादकको नाउँ, उत्पादन तथा म्याद गुज्रिने मिति नभएका ११ प्याकेट मम जफत गरी नष्ट गरिएको छ भने न्यू जानकी भ्यू होटलबाट गन्हाएको एक बाल्टिन तरकारी र कीरा परेको दाल तथा खुला ठाउँमा राखिएको तरकारी र लक्ष्मी मिष्ठान्न भण्डारबाट किरा परेको दस किलो मैदा जफत गरी नष्ट गरिएका छन् । साना उद्योग तथा घरेलु कार्यालय जनकपुरधामका प्रमुख साहले मुख्यमन्त्री नेतृत्वको टोलीले अनुगमन गरेका चार होटलसहित आइतबार जनकपुरधाममा दस होटलको अनुगमन गरिएको जानकारी दिए । उनले अनुगमनमा रघुपति मिष्ठान भण्डारको अवस्था भने सन्तोषजनक रहेको पाइएको जानकारी दिए ।

### दुई सयभन्दा बढी नेता कार्यकर्ता जसपा नेपालमा प्रवेश

रुपन्देही । जनता समाजवादी पार्टी नेपालमा नेपाली कांग्रेस, नेकपा एमाले, जनमत पार्टी र राप्रपाका शीर्ष नेतृत्वसहित विभिन्न पार्टीका करिब २०० बढी नेता कार्यकर्ता प्रवेश गरेका छन् । लुम्बिनी प्रदेशको भैरहवामा शनिबार आयोजित बृहत पार्टी प्रवेश कार्यक्रममा नवप्रवेशीलाई जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले अबिर फूलमालाले स्वागत गरेका छन्। विभिन्न प्रतिगामी शक्तिको षड्यन्त्रले गर्दा पार्टी टुटफुटको शिकार भएपनि लुम्बिनी प्रदेशमा जसपा नेपाल झन् बलियो भएर अघि बढ्न सफल भएको छ। जनमत पार्टीका कार्यकारिणी सदस्य एवं जनजाति आदिवासी महासंघका अध्यक्ष कैलाश गुरुङ र जनमतकै कार्यकारिणी समिति सदस्य निलम यादवसहित जनमतको टीम जसपा नेपाल प्रवेश गरेको छ। नेपाली कांग्रेस, नेकपा एमाले र राप्रपाका स्थानीय प्रभावशाली नेताहरुको समूहले समेत आ-आफ्नो पार्टी परित्याग गरी जसपा नेपाल रोजेका छन्। पहिचानको मुद्दा, समानुपातिक समावेशीकरण, सामाजिक न्याय र समग्र राष्ट्रको नेतृत्वदायी भूमिकाको लागि एकमात्र विकल्प जसपा नेपाल भएको प्रतिक्रिया दिदै उनीहरु अध्यक्षको हातबाट टिका लगाएर पहिचान र अधिकारको मुद्दामा सक्रिय भएर लाग्ने बचनबद्धता जाहेर गरेका छन्। जनताको मुद्दाप्रति स्पष्ट र अडिग भएर अघि बढेको जसपा नेपालमा पछिल्लो समय अन्य पार्टी परित्याग गरी प्रवेश गर्नेको संख्या झन् बढदो छ। खास गरी सरकारले बलजफ्ती ल्याउन खोजेको भूमि सम्बन्धि अध्यादेश राष्ट्रघाती भएको निष्कर्ष निकाल्दै त्यसको विरुद्धमा उभिएपछि जनताबीच जसपा नेपाल एउटा विश्वाशिलो र बलियो शक्तिको रुपमा स्थापित भएको हो।

### बर्दियामा जिल्लास्तरीय संयुक्त राष्ट्रवादी जनआन्दोलन परिचालन समिति गठन

बर्दिया । जिल्लास्तरीय संयुक्त राष्ट्रवादी जनआन्दोलन परिचालन समिति बर्दिया गठन भएको छ । पृथ्वी विचारक अभियन्ता कमलराज पौडेल देवकमलको संयोजकत्वमा ५१ सदस्यीय बर्दिया जिल्लास्तरीय परिचालन समिति गठन भएको हो । गठित समितिले राजसंस्था र हिन्दू राष्ट्र पुनर्स्थापनाका लागि बर्दिया जिल्लामा जनविद्रोह गर्ने संयोजक देवकमलले जानकारी दिएका छन् । राप्रपा, राप्रपा नेपाल, दुर्गा प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति र नागरिक बचाऔं महाअभियान, शिव सेना नेपाल, बजरंग दल, विश्व हिन्दी परिषद्, श्रीकृष्ण प्रणामी लगायत १८ धार्मिक संघसंस्थाहरु मिलेर देवकमलको संयोजकत्वमा समिति गठन भएको छ । संयोजक देवकमल पृथ्वी विचार अभियन्ता, पृथ्वी पुरस्कार बिजेता, शाहीकालीन गुलरिया नगरपालिकाको उपप्रमुख लामो समयदेखि राजसंस्था र हिन्दूराज्य पुनर्स्थापना हुनुपर्छ भन्दै आन्दोलन गर्ने बर्दिया जिल्लाको एउटा जल्दोबल्दो राष्ट्रवादी युवा हुन् ।

### ट्र्याक्टरको ठक्करबाट स्कुटर चालकको मृत्यु

रूपन्देही । शुद्धोधन गाउँपालिका-३ बेतानीस्थित सडकमा लु.३ त ६३२२ नम्बरको ट्र्याक्टरले लु.४१ प ७५९६ नम्बरको स्कुटरलाई बुधबार बिहान ठक्कर दिँदा स्कुटर चालक तिलोत्तमा नगरपालिका-५ बस्ने ३५ वर्षीय राजन अर्यालको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको क्रिमशन हस्पिटल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका स्कुटरमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । प्रहरीले ट्र्याक्टर चालकलाई नियन्त्रणमा लिई दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

# सप्तरीको सुरुङ्गा नगरपालिकामा भारतको सहयोगमा विद्यालय भवन निर्माणको शिलान्यास




काठमाडौं । भारत सरकारको आर्थिक सहयोगमा सप्तरी जिल्लाको सुरुङ्गा नगरपालिकास्थित श्री जनता माध्यमिक विद्यालयको भवन निर्माणको शिलान्यास भएको छ । बुधबार युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, सप्तरी जिल्लाको सुरुङ्गा नगरपालिकाका मेयर गीता चौधरी र काठमाडौंस्थित भारतीय दूतावासका द्वितीय सचिव गरिमा नौटियालले संयुक्त रूपमा शिलान्यास गरेका हुन् ।

उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधिहरू, सरकारी अधिकारीहरू, सामाजिक कार्यकर्ताहरू र विद्यालयका शिक्षकहरू, विद्यार्थीहरू र उनीहरूका अभिभावकहरूको पनि उपस्थिति थियो ।

'नेपाल-भारत विकास सहयोग' अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा नेरु.२.७६ करोड परियोजना लागतमा श्री जनता माध्यमिक विद्यालयको विद्यालय भवन निर्माण भइरहेको छ ।

'नेपाल-भारत विकास सहयोग' अन्तर्गत भारत सरकारको अनुदान तीन तल्ले विद्यालय भवन र अन्य सम्बद्ध सुविधाहरूको निर्माणमा प्रयोग गरिँदैछ । यो परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआइसीडीपी) को रूपमा लिइएको छ र सप्तरीको सुरुङ्गा नगरपालिका मार्फत कार्यान्वयन गरिँदैछ ।

श्री जनता माध्यमिक विद्यालय सन् १९५१ मा स्थापना भएको थियो । यस विद्यालयमा नर्सरीदेखि कक्षा १२ सम्म कक्षा सञ्चालन गरिएको छ । यस विद्यालयमा लगभग ६०० विद्यार्थीहरू छन् जसमध्ये ६०% छात्राहरू रहेका छन् ।

मन्त्री, सप्तरीको सुरुङ्गा नगरपालिकाका मेयर; विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा अन्य सरोकारवालाहरूले नेपाली जनताको लागि भारत सरकारले गरिरहेको विकास सहयोगको प्रशंसा गरे ।

उनीहरूले निर्माण हुने पूर्वाधारले सप्तरीको श्री जनता माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई राम्रो शिक्षा प्रदान गर्न मद्दत गर्ने विश्वास व्यक्त गरे । यसले सिकाइको लागि उपयुक्त वातावरण सिर्जना गर्न र यस क्षेत्रको शिक्षा क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउन पनि मद्दत गर्नेछ ।

सन् २००३ यता भारत सरकारले नेपालमा विभिन्न क्षेत्रहरूमा ५६३ भन्दा बढी एचआइसीडीपीहरुमा कार्य गरेको छ र ४९५ परियोजनाहरू सम्पन्न गरिसकेको छ । यी मध्ये ८२ वटा परियोजनाहरू मधेश प्रदेशमा छन् जसमा सप्तरीमा ९ वटा परियोजनाहरू रहेका छन् । यसका अलावा भारत सरकारले नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थाहरूलाई १००९ वटा एम्बुलेन्स र ३०० वटा स्कूल बस उपहार स्वरूप प्रदान गरेको छ । यी मध्ये मधेश प्रदेशमा २२५ वटा एम्बुलेन्स र ३४ वटा स्कूल बस उपहार स्वरूप प्रदान गरिएको छ । जसमध्ये २४ वटा एम्बुलेन्स र २ वटा स्कूल बस सप्तरीमा उपहार स्वरूप प्रदान गरिएको छ । नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको उत्थानका लागि र प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

# भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह




काठमाडौं । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह गरेका छन् । नयाँ दिल्लीमा बुधबार भएको 'नेपाल-भारत इनर्जी समिटमा' बोल्दै इप्पान अध्यक्ष कार्कीले भारतीय लगानीकर्तालाई लगानीको सुरक्षा र प्रतिफलको ग्यारेन्टी रहेकाले ढुक्कसाथ लगानी गर्न आग्रह गरेका हुन् ।

"नेपाल सरकारले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन पुऱ्याउने महत्वाकांक्षी लक्ष्य लिएको छ । त्यसका लागि ४६.५ अर्ब डलर लगानी आवश्यक रहेकाले नेपालमा लगानीको सुनौलो अवसर छ", कार्कीले भने । नेपाल लगानी बोर्डले गरेको प्रारम्भिक अध्ययनअनुसार, नेपालको सौर्य ऊर्जा उत्पादन क्षमता ४.३२ गिगावाटभन्दा बढी रहेकाले सौर्य ऊर्जामा पनि भारतीय लगानीकर्ताले लगानी गर्न सक्ने उनको भनाइ छ ।

नेपालमा आदानी समूह, टाटा पावर, जिन्दल पावर, जिएमआर समूह, एसजेभीएन लिमिटेड, एनएचपिसीजस्ता प्रमुख भारतीय व्यापारिक घरानाहरूसँग साझेदारी गर्न इच्छुक रहेको उनले जानकारी गराए ।

इप्पान उपाध्यक्ष आनन्द चौधरीले नेपालमा तीन हजार ५०० मेगावाट विद्युत् उत्पादन भइरहेकामा चार हजार मेगावाट बराबरका आयोजना निर्माणाधीन रहेको, चार हजार १०० मेगावाट क्षमताका आयोजना विद्युत् खरिद बिक्री सम्झौता (पिपीए) गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा रहेको र करिब २० हजार मेगावाट क्षमताका आयोजना अध्ययनको चरणमा रहेको बताए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौतले सरकारले अघि सारेको २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन लक्ष्य प्राप्तिका लागि मन्त्रालयले सहजीकरण गर्ने हुँदा ढुक्कसँग लगानी गर्न आग्रह गरे ।

'जलविद्युत् र नवीकरणीय ऊर्जा क्षेत्रमा लगानीका अवसरको खोजी' भन्ने नारासहित नेपाली राजदूतावास भारत र भारतीय हरित ऊर्जा महासङ्घको आयोजना तथा इप्पानको संस्थागत सहभागितामा उक्त सम्मेलन भएको इप्पानले जनाएको छ ।

# छिन्नमस्तामा साढे ६ करोडको सौर्य ऊर्जा र हाइब्रिड सिंचाई



सप्तरी । छिन्नमस्ता गाउँपालिकामा साढे ६ करोड रुपैयाँको लगानीमा अत्याधुनिक सौर्य उर्जा र हाइब्रिड कृषि सिंचाईं आयोजना निर्माण हुने भएको छ ।

दातृ निकाय र गाउँपालिकाको संयुक्त लगानीमा सो आयोजना निर्माण हुन लागेको हो । ६ करोड ५० लाख रुपैयाँ लागत अनुमान गरिएको सो परियोजनामा गाउँपालिकाले २० प्रतिशत लगानी गर्नेछ भने बाँकी ८० प्रतिशत लगानी दातृ निकायको हुने गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिए ।

'छिन्नमस्ता गाउँपालिका-५ लोखरम अन्तर्गत फुलकाही चौरी र वरिपरिको ४०० देखि ६०० बिगाहा जग्गा अब कृषि, ऊर्जा, र समृद्धिको नयाँ युगतर्फ अग्रसर हुँदैछ । यस क्षेत्रमा नेपालकै अग्रणी, दिगो, र अत्याधुनिक सौर्य ऊर्जा आयोजना तथा हाइब्रिड मोडल कृषि सिंचाइ प्रणालीको सम्भाव्यता अध्ययन अन्तिम चरणमा पुगेको छ,' गाउँपालिका अध्यक्ष चौधरीले भने । सो आयोजनाले वर्षायाममा आधारित सो क्षेत्रको कृषि प्रणालीलाई व्यवसायिक बनाउन ऐतिहासिक कार्य गर्ने उनको भनाइ छ । सिंचाईंको अभावका कारण सिमित उत्पादनमा भर पर्नुपर्ने छिन्नमस्ताको लोखरमका किसानको अवस्था बदल्न सो आयोजना प्रभावकारी हुने अध्यक्ष चौधरीको भनाइ छ । 'यो आयोजना केवल सिंचाइ सुधारको परियोजना मात्र होइन, वर्षाको भरमा निर्भर निर्वाहमुखी खेतीबाट व्यावसायिक कृषितर्फको ऐतिहासिक परिवर्तन हो । दशकौंदेखि सिंचाई अभावका कारण सीमित उत्पादनमा बाँधिएका लोखरमका किसानहरूको भाग्य बदल्ने, आर्थिक क्रान्ति ल्याउने र स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने महत्वाकांक्षा यो आयोजनाले बोकेको छ,' उनले भने । हाल अन्तिम चरणमा रहेको सो आयोजनाको अहिले पानी प्रतिरोधात्मकता परीक्षण पूरा गर्ने क्रममा छ । आयोजना सम्पन्न भएपछि सो क्षेत्र हरियाली हुने, उच्च उत्पादकत्व कायम हुने, रोजगारी सिर्जना र आधुनिक कृषिको गौरवशाली उदाहरण बन्ने अध्यक्ष चौधरीको भनाइ छ ।

आयोजना निर्माण भएपछि छिन्नमस्ताको ५,६ र ३ नं. वडाको जमिनमा सिंचाई सुविधा पुग्ने उनले बताए । आयोजना स्थलमा राखिएको सोलार पावरबाट दिउसोको समयमा सौर्य उर्जा प्रयोग गरी सिंचाईंको पानी उपलब्ध गराउने तथा रातको समयमा भने विद्युत ग्रिडबाट विद्युत प्रवाह गरी सिंचाई सुविधा उपलब्ध गराइने छ ।

## उपेन्द्रको...

तर राष्ट्रपति कार्यालयबाट अगाडि बढेको भूमि अध्यादेश संसद्मा टेबल हुनै सकेन । १८ माघको संसद बैठकमा ६ वटै अध्यादेश टेबल हुने कार्यसूची तय भएको थियो । तर जसपा नेपालले भूमि अध्यादेश बाहेकमा मात्र सहयोग गर्ने सन्देश दियो । सत्तापक्षीय दलहरूको बैठकले भूमि अध्यादेशलाई नियमित विधेयकको रूपमा अगाडि बढाउने निर्णय गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्तापक्षीय दलहरूको बैठकले अध्यादेश अगाडि बढाउन नसक्ने निष्कर्ष निकाल्दै र भूमि सम्बन्धी अध्यादेशलाई नियमित विधेयकको रूपमा अघि बढाउने निर्णय गरेको हो ।

अब भूमि सम्बन्धी अध्यादेश फिर्ता लिएर नियमित विधेयकका रुपमा अगाडी बढाउने र विधेयकमा सत्तापक्षीय अरू दलहरूले उठाएको विषयहरू पनि समेटेर लैजाने सहमति भएको हो । सरकारले संसद् अधिवेशन नरहेका बेला ल्याएका विभिन्न ६ वटा अध्यादेशमध्ये भूमि अध्यादेश होल्ड भएको छ । यीमध्ये ५ वटा अध्यादेश दुवै सभाबाट स्वीकृत भएर अगाडि बढेको छ । ५ वटै अध्यादेश प्रतिस्थापन विधेयकका संघीय संसदबाट रुपमा पारित हुने चरणमा रहेका छन् ।

## राजनीतिक...

जस्तोसुकै भूमिका पनि निर्वाह गर्न तयार रहेको कुरा राखे । विगत देखि नै मुक्तिको लागी लड्दै आएको महासचिवले दुई पटक सैनिक गठनसम्म गरेको कुरा स्मरण गराए ।

बैठकको अन्त्यमा देशमा भएको सबै शोषित, उत्पीडित जनतालाई जनजागरण तथा संगठन विस्तार अभियानअन्तर्गत संगठित गरी भरपर्दो राजनीतिक विकल्प निर्माण गर्न पार्टी सशक्त रूपमा अघि बढ्ने निर्णय गर्दै बैठक समाप्त भएको थियो ।


# मौसमी फ्लु रोकथामका उपाय

- ➢ बिरामी भएका व्यक्तिसँग भौतिक दूरी कायम गरौं,
- ➢ खोक्दा, हाच्छिउँ गर्दा मुख र नाक छोपौं,
- ➢ शारीरिक रुपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
- ➢ बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं,
- ➢ समय-समयमा साबुन पानीले हात धुऔं,
- ➢ स्यानिटाइजरको प्रयोग गरौं,
- ➢ आँखा, नाक, मुख छोइरहने बानी नगरौं ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं